जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ३१, २०७८ साल फागुन २० गते शुक्रबार, नेपाल संवत् ११४२ (March. 4, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### फेरि इन्धनको मूल्य बढ्ने

काठमाडौं । भारतीय आयल कर्पोरेसन (आईओसी)ले ग्यास, पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य बढाएर पठाएको छ । डिजेल, पेट्रोल र मट्टीतेलमा प्रतिलिटर चार/चार रुपैयाँ र खाना पकाउने ग्यासमा प्रतिसिलिन्डर सय रुपैयाँले बढेर नयाँ मूल्य आएको नेपाल आयल निगमले जनाएको छ ।

निगमका सहप्रवक्ता पुष्कर कार्कीद्वारा जारी विज्ञप्तिमा अन्तर्राष्ट्रिय बजारमै मूल्य बढिरहेकाले नेपालमा पनि मूल्य बढाउनुको विकल्प नभएको संकेत गरिएको छ । बढेको मूल्यका कारण निगम **बाँकी ८ पेजमा**

### थपियो ७ दिन सार्वजनिक बिदा

काठमाडौं । नेपालमा यसै पनि सार्वजनिक बिदा बढी हुने गरेको छ । त्यसमा पनि वर्तमान सरकारले अझ ७ दिन थप गरेर सार्वजनिक बिदा दिने निर्णय गरेको छ । अघिल्लो सरकारले दिँदै आएको सार्वजनिक बिदामा शेरबहादुर देउवा नेतृत्वले सरकारले २०७९ सालका लागि अरू ७ दिन सार्वजनिक बिदा थप गरेको हो ।

मन्त्रिपरिषद्बाट निर्णय गरेर सार्वजनिक बिदा थप भएका हुन् । सार्वजनिक बिदा दिन मन्त्रिपरिषद् बाट निर्णय गराउनु पर्छ । गृह मन्त्रालयका **बाँकी ८ पेजमा**

# राजनीतिक समीकरणमा तीव्र ध्रुवीकरण

■ **घनश्याम ओली**



अन्ततः सार्वभौम संसदले बहुचर्चित र विवादित अमेरिकी अनुदान सम्झौता मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अनुमोदन गरेपछि यसले सन्धिसरह मान्यता पाएको छ । नेपालले सन् १८१६ को इस्टइन्डिया कम्पनीसँगको सुगौली सन्धि, सन् १९५० को स्वतन्त्र भारतसँग गरेको शान्ति तथा मैत्री सन्धि सन् २०१७ को एमसीसी सम्झौता र हाल एमसीसी सन्धिमा हस्ताक्षर गरेको छ । सन् १८१६ को सुगौली सन्धिले नेपालले आफ्नो एकतिहाई भूभाग गुमायो । पूर्वमा टिस्टा र पश्चिममा काँगडा सीमा बदलिएर मेची र महाकालीमा खुम्चियो । यस सन्धिले नेपालको मानचित्र नै परिवर्तन गऱ्यो । ग्रेटर नेपालको त्यसबेलाको नक्सा अहिले इतिहास भएको छ ।

सुगौली सन्धिको चोटले अहिलेसम्म देशभक्त नेपाली जनता मर्माहत छन् । हाम्रा वीर पुर्खाहरूको रगत र पसिनाले आर्जित भूमि तत्कालीन प्रधानमन्त्री भीमसेन थापाको एकै सनक र लहडले क्षतविक्षत बन्न पुग्यो । अहिलेका युक्रेनी राष्ट्रपति भोलिदमिर जेलेन्स्कीले भीमसेन थापाको यादलाई ताजा गरिरहेझैँ लाग्छ । जसरी रातभर सग्लो रहेको युक्रेन उज्यालो हुँदा तीनवटा देश बन्यो त्यसमा अमेरिकीपरस्त राष्ट्रपति जेलेन्स्कीको लहड नै मुख्य जिम्मेवार छ । भीमसेन थापाले पनि अत्याधुनिक शस्त्र अस्त्रले सुसज्जित अंग्रेजहरूसँग खुकुरी उठाउनुभन्दा कूटनीतिक संवादमार्फत सम्भावित मुद्दाको खतरालाई टार्न सकेको भए नेपालले आफ्नो राज्य सीमा बदल्नुपर्ने थिएन ।

भारतसँगको सन् १९५० को शान्ति तथा मैत्री सन्धिले नेपाललाई उसको अर्धउपनिवेश बनायो । नेपालको सुरक्षाजस्तो संवेदनशील विषयमा भारतले रेखदेख गर्ने स्थिति बन्यो । आफ्नो सत्तालाई लम्ब्याउन तत्कालीन राणा प्रधानमन्त्री मोहनशमशेरले यो असमान सन्धि गरेका थिए । भारतले नेपाललाई मुखले स्वतन्त्र र सार्वभौम मुलुक भने पनि यही सन्धिका कारण उसको विस्तारित प्रदेशको व्यवहार गर्दै आएको जगजाहेर छ । सन् १९६५ मा राजा महेन्द्रले सरदार यदुनाथ खनाललाई दिल्ली पठाएर जुन सैनिक सन्धिमा हस्ताक्षर गर्न हुकुम दिए त्यसले नेपालमाथि भारतीय नियन्त्रणको सिकन्जा अझ कसियो । भारतको अनुमतिबिना सुरक्षा बन्दोबस्तीका कुनै पनि वस्तु तेस्रो मुलुकबाट नेपालले आयात गर्न नपाउने सन्धिको व्यवस्थाले सिंगो सुरक्षा व्यवस्थालाई निरीह बनाइदियो ।

भर्खरै सम्पन्न एमसीसी सन्धिका प्रभावहरू सतहमा देखिन बाँकी छन् । यसले भविष्यमा नेपालमा पार्न सक्ने दूरगामी प्रभावलाई भने सहजै अनुमान गर्न सकिन्छ । यो सन्धिपछि नेपाल अब अमेरिकी सुरक्षा राडरभित्र स्वतः परेको छ । नेपालले अख्तियार गरेको असंलग्न परराष्ट्र नीति नै ५० करोड अमेरिकी डलरमा बिक्री भएको छ । १२ बुँदे व्याख्यात्मक घोषणासहित नेपालको संसदले अनुमोदन गरेको एमसीसी अनुदान सम्झौतालाई अमेरिकाले स्वागत गरेको छ । प्रस्ट छ यो कथित व्याख्यात्मक घोषणाको पालना गर्न अमेरिका बाध्य छैन, किनकि एमसीसी अमेरिकी सदनबाट पारित अमेरिकी परियोजना हो । एमसीसी बोर्डले चाहेर पनि यसका बुँदाहरूमा फेरबदल गर्न सक्दैन । दलहरूले जनतालाई झुक्याउन लागि मात्र यो बठयाइँ गरेका हुन् ।

अब नेपाल अमेरिकाको अहिलेको र भविष्यमा बन्ने कानुनहरू मान्न अभिषप्त बनेको छ । अमेरिकाले ताइवान, हङकङ, सेन्जेन जस्ता कानुन बनाएको छ । जसले यी चिनियाँ अंगहरूलाई स्वतन्त्र राज्यको दर्जा दिएको छ । नेपालले पनि यही अमेरिकी बाटो लिएपछि चीनले मन दुखाएको छ र उसँगको कूटनीतिक सम्बन्धमै दरार उत्पन्न भएको छ । चीनको बीआरआई परियोजनालाई असफल पार्न र चीनलाई घेराबन्दी गर्न अमेरिकाले अघि सारेको इन्डो प्यासिफिक स्टाट्रेजीको एक हिस्सेदार बनेको छ नेपाल ।

एमसीसीले नेपालको राजनीतिलाई नै ध्रुवीकृत गरिदिएको छ । राजनीतिक दलहरू र जनताबीचको दूरी झनै बढेको छ । एमसीसीबारे बहुसंख्यक जनता अनभिज्ञ थिएनन् । अनुदानको प्याकेज बोकेर अमेरिका आखिर नेपालमा अड्डा जमाउन सफल भएको छ । सडक पूर्वाधार र ऊर्जा क्षेत्रका नाममा नेपाल पस्ने र चीनलाई घेराबन्दी गर्ने अमेरिकी मुरादलाई दलहरूले पूरा गरिदिएका छन् । इस्ट इन्डिया कम्पनीका नाममा व्यापारिक प्रयोजनका बहानामा हातमा बाइबल बोकेर भारत पसेका ब्रिटिसहरूले झन्डै दुई शताब्दीसम्म भारतीयहरूलाई दास बनाएका थिए । अहिले अमेरिका अनुदानको ललीपप देखाएर नेपाल पस्दैछ । ऊ फर्किएर जानेवाला छैन । जबसम्म चीनलाई तिब्बत मामिलामा फसाएर कमजोर बनाउने छैन, **बाँकी ८ पेजमा**

## असोचनीय व्यापारघाटा

काठमाडौं । वर्तमान परिदृश्यमा नेपालको लागि विश्व व्यापार संगठनको सदस्यता अवसर नभएर चुनौती बनिरहेको छ । यसका प्रावधानहरूलाई थेग्न नसक्दा चुनौती व्यहोर्नु पर्छ । निर्यातजन्य र गुणस्तरीय वस्तुको प्रतिस्पर्धामा प्रतिस्पर्धी बन्न नसक्नु चुनौती हो । आजकै दिनमा पनि नेपालको व्यापार स्थिति हेर्दा घाटा व्यापार चर्को छ । निर्यातको तुलनामा लगभग १० गुणाले आयात बढिरहेको छ । व्यापारघाटा चुलिएको छ । एक वर्षभरिको कुल निर्यातले वार्षिक ग्याँस र पेट्रोलियम पदार्थ खरिद गर्न पनि नपुग्ने अवस्था छ ।

वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सले आयातलाई तीव्र बनाइरहेको छ भने अधिकांश रकम उपभोग र स्थिर सम्पति जोड्नमा खर्च भइरहेको छ । जम्मा रेमिट्यान्सको २/३ प्रतिशत मात्र उत्पादनमुखी कार्यमा लगाइएकोले **बाँकी ८ पेजमा**

## माओवादी केन्द्र फुटको संघारमा

काठमाडौं । गत आइतबार प्रतिनिधिसभाले अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता अनुमोदन गरेसँगै सत्तारुढ नेकपा माओवादी केन्द्रको विवाद सतहमा आएको छ । व्याख्यात्मक घोषणामार्फत एमसीसी पारित गराउन महत्वपूर्ण भूमिका खेलेका अध्यक्ष पुष्पकमल दाहाल र एमसीसी पारित गर्न नहुने पक्षमा रहेका नारायणकाजी श्रेष्ठबीच दुई लाइन संघर्ष चर्किएको छ । **बाँकी ८ पेजमा**

## आंशिक प्राध्यापक आन्दोलित

काठमाडौं । त्रिभुवन विश्वविद्यालय र यसअन्तर्गत आंगिक क्याम्पसमा पढाउँदै आएका आंशिक प्राध्यापक दुई सातादेखि आन्दोलनमा छन् ।

त्रिविमा उपकुलपति, रजिष्ट्रार, रेक्टर र डिन कार्यालय तथा आंगिक क्याम्पसमा क्याम्पस प्रमुख, लेखा र प्रशासन कार्यालयमा आन्दोलनरत आंशिक प्राध्यापकले ताला लगाएका छन् । त्रिवि र ६१ आंगिक क्याम्पसमा गरेर दुई हजार हाराहारीमा आंशिक प्राध्यापक कार्यरत छन् । विद्यार्थीका परीक्षा र पठनपाठनलाई अवरूद्ध गर्ने गरी आफूहरूले आन्दोलन नगरेको पनि उनले बताए । आंशिक प्राध्यापकका समस्या सुनुवाइ गर्न अहिले त्रिविले खासै चासो नदेखाएको उनी **बाँकी ८ पेजमा**

## एनआरएनएमा विवाद चर्कियो

काठमाडौं । गैरआवासीय नेपाली संघमा (एनआरएनए) को पछिल्लो निर्णयले संस्थाभित्र थप विवाद चर्किएको छ । असन्तुष्ट समूहको विरोधका बीच बुधबार बसेको केन्द्रीय समिति (आईसीसी) को बैठकले संरक्षक परिषद तथा उच्चस्तरीय समिति खारेज निर्णय गरेको छ ।

यस्तै ५ दिनभित्र प्रतिनिधि शुल्क नबुझाएमा अमेरिका, युके, अस्ट्रेलिया, जापान, क्यानडा लगायतका राष्ट्रिय समन्वय परिषद (एनसीसी)हरूको आबद्धता खारेज गरी तदर्थ कार्य समिति बनाउने जस्ता निर्णय पनि **बाँकी ८ पेजमा**

## परमाणु हतियारमा रूस संसारकै धनी

काठमाडौं । परमाणु हतियारको संख्याको आँकडा अनुमान मात्रै हुन्छन् तर फेडरेशन अफ अमेरिकन साइन्टिस्ट नामक संस्थाका अनुसार रुससँग ५ हजार ९७७ परमाणु हतियार छन् । यीमध्ये १५०० म्याद गुज्रने अवस्थामा छन् वा पुरानो भएका कारण यसलाई छिट्टै ध्वस्त पारिनेछ । बाँकी ४ हजार ५०० हतियारलाई स्ट्रेटेजिक न्युक्लियर वेपन (रणनीतिक परमाणु हतियार) मानिन्छ । यसमा ब्यालेस्टिक मिसाइल र रकेट्स पनि समावेश छन् जसले लामो दुरीसम्म मार हान्न सक्छन् । यिनै हतियार हुन् जसलाई परमाणु युद्धसँग जोडेर हेरिन्छ । अन्य हतियार निकै साना र कम क्षती गर्ने खालका हुन्छन् जसको प्रयोग जमिन वा पानीबाट कम

## तलबभत्ता स्वीकार, संसद बहिष्कार



काठमाडौं । संसदलाई जनताको 'वारेस' मानिन्छ । आम जनता नै संसद बन्न नसक्ने भएका कारण जनताले आफ्नो प्रतिनिधि मतदानबाट राजनीतिक दलका उम्मेदवारलाई सांसदका रुपमा गोप्य मतदानबाट निर्वाचित गर्छन् । त्यस्ता निर्वाचित जनप्रतिनिधिले संसदमा जनताको धारणा र विचारलाई मुखरित गर्छन् । ऐन कानुन निर्माण गर्छन् र विधिको शासनलाई अघि बढाउँछन् । शक्तिपृथकीकरणको सिद्धान्तअनुसार संसदले व्यवस्थापकीय जिम्मेवारी निर्वाह गर्छ ।

संविधानद्वारा निर्देशित र परिकल्पित विषयलाई आधार बनाएर आवश्यकीय ऐन कानुनको बहत छलफल गरी बहुमतीय आधारमा निर्माण गर्ने र मुलुकलाई सुशासन र विधिको शासनको मार्गमा हिंडाउने अहं दायित्व पनि संसदकै हो । संसद अवरुद्ध भए वा निष्क्रिय रहे जनविचार र भावना नै बन्धक रहन्छन् भन्ने कुरा स्मरणीय छ ।

यी कुरालाई कति पनि मध्यनजर नगरी प्रमुख प्रतिपक्षी दल एमालेले विगत ६ महिनादेखि संसदलाई सुचारु हुन दिएको छैन । एमालेको व्यवहारले संसदको कुनै काम नै छैन भन्ने देखाइरहेको छ । आफ्नो न्यून राजनीतिक स्वार्थका कारण सार्वभौम सम्पन्न संसदलाई अवरुद्ध बनाइरहने एमालेको जुन निष्क्रिय हर्कत देखिएको छ, यसले संसदीय व्यवस्था र राजनीतिप्रति नै जनतामा वितृष्णा पैदा गराइरहेको छ । लोकतन्त्रका नाममा एमालेले देखाएको यस्तो अलोकतान्त्रिक चरित्रले संसदको मात्र मानमर्दन गरेको छैन जनताको मनोदेशको समेत अपमान गरिरहेको छ । संसदलाई पंगु बनाएर एमालेले जुन आफ्नो तुच्छ राजनीतिक अस्मिता पूरा गर्ने बाटो रोजिरहेको छ, त्यसले लोकतन्त्रको नयाँ भाष्य खोज्नुपर्ने अवस्थातर्फ धकेलिरहेको छ । सर्वोच्च अदालतको परमादेशले सत्ता बहिर्गमन हुन बाध्य भएको एमाले त्यो पीडालाई बिर्सन अझै सकेको छैन र संसदलाई तारो बनाइरहेको छ । जबकि एमाले स्वयं अदालतकै आदेशले ब्युँतिएको पार्टी हो ।

एमालेले भदौ २३ यता संसदमा निरन्तर नाराबाजी गरिरहेको छ । सभामुखले नाराबाजी स्थगनका लागि आग्रह गर्ने तर एमाले सांसदहरूले नसुन्ने हुनाले बैठक छोटो समयमै अन्त्य हुने क्रम चलिरहेको छ । तर नाराबाजी गर्ने एमाले सांसदहरूले तलबभत्ता भने लाज पचाएर बुझिरहेका छन् । संसदमा बजेट पारित एमसीसी सम्झौता अनुमोदनबाहेकका अन्य 'विजनेश' मा कम नहुँदा सत्तासीन दलका सांसदहरूले पनि हाजिर गर्दै तलबभत्ता र अन्य सुविधा लिइरहेका छन् । सांसदको तलबभत्ता मात्रै १५ करोड १० लाख, सांसदको स्वकीय कर्मचारीको तलबमा १० करोड २८ लाख खर्च भएको संसद **बाँकी ८ पेजमा**

### श्रमजीवी पत्रकारको तलब बढाउन सुझाव


काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसमक्ष न्यूनतम पारिश्रमिक निर्धारण समितिले श्रमजीवी पत्रकार मिडिया अध्ययन प्रतिवेदन, २०७८ र श्रमजीवी पत्रकार, कर्मचारी एवं कामदारको पारिश्रमिक पुनरावलोकन सिफारिस, २०७८ पेश गरेको छ । मन्त्री कार्कीलाई समितिका अध्यक्ष राजेन्द्र अर्यालले ती प्रतिवेदन बुझाएका हुन् । उनले समितिले बुझाएका दुवै प्रतिवेदनलाई मन्त्रालयले अत्यन्त महत्वपूर्ण दस्तावेजका रूपमा ग्रहण गरी यसमा दिइएका सुझावको कार्यान्वयन गर्दै लैजाने आश्वासन दिए ।

सो अवसरमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले बढ्दो महँगी, बजार मूल्य र अन्य क्षेत्रमा कार्यरत कर्मचारीको पारिश्रमिकको आधारमा पत्रकारको पनि ५० प्रतिशत **बाँकी ८ पेजमा**

## राष्ट्रवाद र राष्ट्रघात : परिचर्चा

**समय सन्दर्भ**

● **युवराज गौतम**



टर्कीमा 'उलेमा' भनिने धर्माधिकारीकाहरूको शासक समूह थियो, कुनैबेला । मुसलमान (इस्लाम) धर्मका ग्रन्थ हेरेर दण्ड दिन्थे उनीहरू । धर्म संस्कृति जोगाउँदै राष्ट्र बलियो बनाउने उद्देश्य भए पनि शैली कठोर थियो । त्यसैले शासकहरूको विरोध भइरहृयो ।

बौद्धमार्गी राष्ट्र भुटानमा आज पनि दुई राजा छन्- धर्मराजा र देवराजा । धर्म र राजकाज हेर्छन्, उनीहरू । 'एक नम्बर' प्लेट भएका गाडी चढ्छन् । दुई राजाबीच सुमधुर सम्बन्ध छ । राष्ट्राध्यक्षले धर्मराजालाई अभिभावक मान्छन् । सम्मान गर्छन् । धर्म-संस्कृति संरक्षण, सम्पोषण, संवर्द्धन र सदाचार कायम राख्न सकियो भने मात्र नयाँ पुस्ता मातृभूमिप्रति इमान्दार, समर्पित र निष्ठावान् बन्नसक्छ भन्ने उनीहरूको अटुट विश्वास छ ।

'उलेमा' कट्टरपनको परिचय हो । त्यो जमाना अब छैन । नेपालमा हजारौं वर्ष अघिदेखि सबै बाँचौं, सबै हाँसौं भन्ने उदार चिन्तन विकास भयो । नेपाली-नेपालीलाई आपसमा जुधाउने कुत्सित अभिप्रायले केही पश्चिमा लेखकले हावादारी कुरा लेखे । अंग्रेजी पढेका केही टपरटुइयाँले त्यसैलाई आधार बनाए ।

नेपाल र नेपालीबारे विदेशीले गरेका दुष्प्रचारलाई नेपालका 'सुशिक्षित तथा दीक्षित' समुदायले मलजल गरे । गरिरहेकै छन् । विदेशीका कथन (न्यारेटिभ) अमरवाणी मान्नेहरू धेरै भेटिन्छन् । १२-१५ सय जनसंख्या भएको त्यसबेलाको कीर्तिपुर डाँडामा 'सत्र धार्नी नाक काटेको' किंवदन्ती सुनाएर मनोरञ्जन गराउनेहरू पनि छन् । गुरुङहरू मंगोलिया र पश्चिम चीनका मूलवासी हुन् भन्ने पश्चिमा लेखकहरूको कुतर्क गुरुङ समुदाय नै स्वीकार्दैनन् तर त्यही समुदायमा युरो-डलर चाट्ने केही पराधीन, पराश्रित र दम्भीहरू आफ्नो जातीय गाथामा गर्व गर्नुको साटो आफूलाई विदेशी भूमिबाट आएको भन्दै रमाएका छन् । दास भएरै कमाएका छन् । पार्टीलाई राष्ट्रवादको सुन्दर बर्को ओढाएर त्यहाँभित्र चीन, भारत, युरोप र अमेरिकाका चल्ला कोरल्ने गरिएको छ ।

डा. हर्क गुरुङ, प्राध्यापक जगमान गुरुङ, होमा गुरुङ (थकाली) आदि बाहेक गुरुङको भाषा, साहित्य र संस्कृतिबारे अरूले पनि लेखेका छन् । गहिरो खोजी गरेका छन् । तामाङ, थारू, किराती, मगर, थकाली, नेवार, मैथिली आदिका विषयमा धेरै नेपालीले अध्ययन/अनुसन्धान गरेका छन् । किरातीहरू बोलीवचनमा कुनै भद्रता देखाउँदैनन् भनेर गोराहरूले लेखे (स्रोतः ब्रेकिङ नेपाल पुस्तक) तर आफ्नै जातिलाई अपमान गर्नेहरूका पछिपछि दगुरेर धर्म-संस्कृति त्याग्नेहरू कति विवेकशील होलान् ? पृथ्वीनारायण शाहले नेपालीका प्राचीन धर्म-संस्कृति एवं 'कुलाधर्म' मास्न चाहने इसाई धर्म प्रचारकहरूलाई देश निकाला गरेर सही काम गरेका थिए कि गलत ? युवा पुस्ताले सोच्नुपर्छ ।

प्रथम विश्वयुद्ध (सन् १८१४-१८) तथा द्वितीय महायुद्ध (सन् १९३९-४४) दुवैमा नेपाली सेना संलग्न भयो, ब्रिटेनको फौजमा मिसिएर । एकछिन कल्पना गरौं, चीन र अमेरिकाकै कारण

तेस्रो विश्वयुद्ध भयो भने नेपाल कुन देशको फौजमा मिसिएला ? चीन र भारतबीच भाले-भिडन्त भयो भने नेपालको भूमिका के हुन्छ ? युरोप, अमेरिका, चीन, भारत आदिले नेपाललाई गठ्ठाघर वा सिलखाना बनाए भने हाम्रो भविष्य के हुन्छ ? सिंहदरबार, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालयलगायत जतातत्तैबाट विदेशीको हितमा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### रूसविरुद्ध किन उभियो नेपाल ?

युक्रेनको अवस्थालाई लिएर विश्व अहिले विभाजित छ । रूससँगको निकट सम्बन्धका कारण भारतलगायत मुलुकले खुलेर युक्रेनको समर्थन गर्न सकेका छैनन् । अमेरिकासँग रणनीतिक साझेदार मुलुक र अन्य पश्चिमा मुलुक भने युक्रेनको पक्षमा उभिएका छन् । एक सातादेखि रूसले युक्रेनमाथि आक्रमण सुरू गरेयता पक्ष र विपक्षमा विश्व ध्रुवीकृत भएको छ । युक्रेनको पक्षमा अमेरिकासँगको रणनीतिक साझेदार मुलुकहरू छन् भने विपक्षमा चीन बेलारूसलगायतका ठूला राष्ट्र विभाजित छन् । युक्रेनमाथि रूसी हमलालाई लिएर विश्व नै ध्रुवीकृत भइरहेका बेला नेपालले भने संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को आपतकालीन बैठक गर्ने पक्षमा मतदान गरिसकेको छ । युक्रेनकै विषयसँग सम्बन्धित रहेर मंगलबार मात्रै प्रधानमन्त्री शेरबहादुर देउवासँग अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकनबीच संवाद भएको छ । सो संवाद'दयगत सुरूमा ब्लिंकनले ट्वीटरमार्फत् जानकारी गराएका छन् ।

उनको ट्वीटमा नेपालका प्रधानमन्त्रीसँगको कुराकानीका क्रममा रूसले अकारण आक्रमण गरेको, तथा युक्रेनको सम्प्रभुता र भौगोलिक अखण्डताप्रति आफूहरूको समर्थनलगायतका विषयमा कुराकानी भएको उल्लेख गरिएको छ । ट्वीटमा 'हामी आर्थिक विकास र क्षेत्रीय चुनौतीसम्बन्धी विविध मामिलामा सहकार्य जारी राख्नेछौं' भनिएको छ । यता प्रधानमन्त्री शेरबहादुर देउवाले पनि ट्वीटमार्फत आफूले युक्रेनविरूद्ध रूसी आक्रमण र सम्प्रभुताप्रति आफूहरूको समर्थन रहेको जनाएका छन् । त्यसो त एक साताअघि मात्रै युक्रेन आक्रमणको विषयलाई लिएर नेपालले विज्ञप्तिमार्फत आफूहरूले विकसित घटनाक्रमलाई नजिकबाट नियालिरहेको बताएको थियो । यसरी नेपालसहित २९ राष्ट्रले युक्रेनको पक्षमा मत दिइरहँदा चीन विपक्षमा उभिएको छ भने भारत सो प्रक्रियामा भाग नै नलिई तटस्थ बसेको छ । दुई ठूला राष्ट्र भारत र चीनले रूसलाई अहिले चिढ्याउने पक्षमा देखिँदैनन् । तर, नेपालले भने एक कदमअगाडि बढेर अमेरिकासँगै युक्रेनको पक्ष लिनु र अमेरिकी विदेशमन्त्री र नेपालको प्रधानमन्त्री देउवाबीच भएको संवादलाई चासोका साथ हेरिएको छ । अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्स कर्पोरेसन (एमसीसी) नेपालको संसद्बाट अनुमोदन भएको ताजा अवस्थामा अमेरिकाले स्वागत गरेको छ भने चीनले सो विषयलाई नजिकबाट हेरिरहेको बताएको छ । नेपालमा एमसीसी अनुमोदन भएलगतै चीनले आफूले सो विषयलाई नोट गरेको जनाइरहँदा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकनले प्रधानमन्त्रीसँगको संवादले अमेरिका नेपालसँग सकारात्मक भएको सन्देश दिन खोजिरहेको जानकार बताउँछन् ।

यसैबीच नेपालले युक्रेनको पक्ष लिएर मतदान गरेसँगै धेरैले नेपालको विदेश नीतिको विषयलाई लिएर चर्चा पनि गरेका छन् । नेपालको परराष्ट्रनीति २०७७ मा 'संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताको आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्रनीति सञ्चालन गर्ने र विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धिसम्झौता गर्न संविधानले नीतिगत मार्गदर्शन गरेको' उल्लेख छ । विदेश नीतिको विषयमा चर्चा भइरहँदा विज्ञहरू भने यसलाई स्वाभाविक मान्छन् । यसअघि पनि नेपालले कुनै देशमा भएको घटनाको विषयमा विरोध जनाएको उदाहरण भएको हुँदा अहिलेको यो अवस्थामा आफ्नो मत राख्नुलाई स्वाभाविक मान्नुपर्ने विज्ञको मत छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीका परराष्ट्र मामिला सल्लाहकार राजन भट्टराई नेपालले कुनै पनि मुलुकको पक्ष लिन नुहुने तर कुनै अर्को मुलुकमाथि कुनै पक्षले सैन्य आक्रमण गर्छ भने समर्थन गर्न नहुने भनाइ छ । नेपालले मान्दै आएको असंलग्नता र पञ्चशीलका सिद्धान्तबाट भने विचलित हुन नहुनेको उनको जोड छ ।

# फेरि पनि राष्ट्रघात : राष्ट्रवादी महाजनक्रान्ति अपरिहार्य



**सुरेन्द्र ढकाल**

२००७ सालदेखि २०६२।६३ सम्म आउँदा धेरै पटक राजनीतिक क्रान्तिहरू भए । राणाशाही, शाहवंश यसै क्रममा इतिहासका पानामा विलिन भए । प्रजातान्त्रिक भनिने सबै प्रणाली आए गए तर कोशीबाट शुरु भएको राष्ट्रघात, गण्डकी, महाकाली अनि एमसीसीसम्म आइपुग्दा राष्ट्रवादी भन्नेहरूले आफ्नो मुकुण्डो आफैं च्यातेर निर्लज्ज पाराले आफूलाई विदेशी दलालको कित्तामा उभ्याइदिंदा अब कतै राष्ट्र नै नरहने हो कि भन्ने संशय उत्पन्न भएको छ । कांग्रेस त खुलेरै राष्ट्रघात गर्ने भएको हुँदा उसको के कुरा गर्ने तर कम्युनिस्ट मुकुण्डोधारीहरू समेत हिन्द अमेरिकी साम्राज्यवादका कठपुतली हुन सक्छन् भन्ने कुरा कसले सोचेको थियो होला र ?


नेपालको असंलग्न परराष्ट्र नीतिलाई राजनीतिक दाउपेचमा राखेर आफ्नो दलीय स्वार्थ सिद्ध गर्न तम्सेका दलालहरूलाई एकै ठाउँमा राखी नयाँ कोत वा भण्डारखाल पर्व नमच्चाउने हो भने अब देशले क्रिमिया वा युक्रेनको नियति नभोग्ला भन्न सकिन्न । राष्ट्रघाती प्रमाणित भएका विभिन्न दलमा रहेका राष्ट्रवादीहरू साँच्चैका राष्ट्रवादी हुन् भने अब उनीहरू ध्रुवीकृत हुन जरुरी छ । राष्ट्रवादको पक्षमा डटेर उभिन जरुरी छ ।

सुर्खेतमा देखिएको झिल्कोलाई डडेलो बनाउँदै देशभर फैलाउने हो भने मात्रै यी राष्ट्रघातीहरूलाई खरानी बनाउन सकिन्छ । यसका लागि अब विचारधाराको होइन राष्ट्रवादको नयाँ महाक्रान्ति शुरु गर्नुपर्छ । सक्नेले हतियार उठाएर, नसक्नेले स्वर बुलन्द गरेर यस्तो क्रान्तिलाई सबैतिरबाट सफल बनाउनु पर्दछ । हिजो इराकमा ८ नेपाली काटिँदा आक्रोसित बनेको जनविद्रोहले सबै म्यानपावर कम्पनीलाई जसरी ध्वस्त बनाएको थियो अब त्यस्तै जनलहरको खाँचो छ, जसले दलाल नेताहरूलाई सार्वजनिक रुपमै कत्तल गरोस् ।

जनताको अगाडि राष्ट्रवाद अनि मौका मिल्नासाथ लम्पसारवाद हुने प्रवृत्तिलाई अब सदाको लागि अन्त्य गर्नुपर्छ । आज नेपालका बैंकहरूमा खरबौंको निक्षेप विनाप्रयोग बसिरहेको छ । सरकारको स्पष्ट लगानी नीति र लगानी सुरक्षा गर्ने प्रतिबद्धताको अभावको कारण यस्तो भएको हो । २०४६ पछि भएका मन्त्रीहरूको स्रोत नखुलेको सम्पत्ती मात्रै राष्ट्रियकरण गर्ने हो भने अर्को २० खरब जम्मा हुन सक्छ । उता महालेखा परिक्षकले इंगित गरेको उठाउनुपर्ने बेरुजु पनि त्यस्तै २० खरब नाघिसकेको अवस्था छ भने जाबो ५६ अरबका लागि देशलाई नै भड्खारोमा पार्न राष्ट्रघाती दलालहरू प्रयत्नरत छन् । त्यसैले अब राष्ट्रवादी, भ्रष्टाचार विरोधी महान जनक्रान्तिमा जुटौं । बिग्रँदै गएको देशको अवस्थाले यही माग गरिरहेको छ । राष्ट्रवादी महाक्रान्ति अपरिहार्य छ ।






# विरोधका बाबजुद पनि एमसीसी अनुमोदन



**गोविन्द विक**

अमेरिकी परियोजना मिलिनेयम च्यालेन्ज कर्पोरेसन अर्थात एमसीसी संसदमा टेबल भएपछि नेपाली राजनीतिक समिकरणमा निकै ठूलो हलचल सुरु भएको थियो । एमसीसीको पक्ष र विपक्षमा सत्ता साझेदार दलहरूभित्र नै खटपट सुरु भएपछि गठबन्धन सरकार विखन्डनको डिलमा नै पुगेको थियो । गठबन्धन नै धरापमा पर्ने छाँट देखिएपछि गठबन्धनका शीर्ष नेतृत्व व्यख्यात्मक अनुमोदनमा सहमती गरेर संसदमा बहुमतले एमसीसी पारित गर्न सफल देखिए ।

एमसीसीका बारेमा संसदमा छलफल चलिरहँदा विगत लामो समयदेखि संसद अवरुद्ध गर्दै आएको प्रमुख प्रतिपक्ष दल एमाले सदाझैं आफ्नै नारा घन्काउँदै विरोध गरिरहेको थियो । सत्तपक्षका दलहरू संसदको रोस्टममा एमसीसी मुलुकका लागि अपरिहार्य भनेर गीत गाइरहँदा एमाले संवैधानिक सर्वोच्चता कायम गर भन्दै नारा लगाइरहेका थिए । संसदीय व्यवस्थामा होहल्ला र नाराबाजीका बीच सतापक्ष अगाडि बढ्नु प्रजातान्त्रिक मानिँदैन ।

सत्ता पक्षका दलहरूले यो विवादित विषयमा राष्ट्रिय सहमती जुटाउनु आवश्यक थियो । तर सत्ता पक्षले बहुमत पुऱ्याउने कसरत गरेपछि प्रमुख प्रतिपक्षले एमसीसीको मुद्दाभन्दा पनि आफूले कारवाही गरेका गैरसांसदहरूलाई सभामुखले कारवाही गर्नुपर्ने अडानमा सत्ता पक्षका दलसँग रहेको थियो । एमसीसीभन्दा गठबन्धनलाई कसरी तितरवितर पार्न सकिन्छ भन्ने ध्याउन्नमा प्रमुख प्रतिपक्ष दल रहेको थियो । भलै उसको प्रयास यो हालमा टरेको छ । फेरि पनि प्रतिगामीको हातमा मुलुक जाने भन्दै गठबन्धन सहमतीमा आएका थिए । एमसीसी जुन मार्गबाट नाराबाजी र जुलुसकाबीच पास गरिएको छ यसको मूल्य नेताहरूले चुकाउनुपर्ने देखिन्छ । एमसीसी त्यसै पनि विवादित विषय भएको हुनाले सबै दलको साथ लिनुपर्ने थियो तर प्रधानमन्त्री शेरबहादुर देउवा संसदको अंकगणितीय जोड घटाउमा लागेपछि प्रमुख प्रतिपक्षको मन झनै कुडिएको छ ।

जनताका आँखामा छारो हाल्न खपिस वर्तमान प्रधानमन्त्री एमसीसी पास गराएर निकै राम्रो काम गर्न सफल भएको उपलब्धि सुनाउन उद्यत छन् । एमसीसी राष्ट्रहित प्रतिकूल छ भन्ने कुरा सम्झौतामा उल्लेख गरिएका बुँदाहरूले प्रस्ट पारिरहेको बेला व्याख्यात्मक अनुमोदन भनेर जनताको आँखा छल्नुबाहेक केही होइन । व्याख्यात्मक अनुमोदन भनेको जनतालाई ढाँटेर मुलुकको सार्वभौमसत्तामा आँच आउने काम हो भन्नेहरूको भीड निकै ठूलो छ । एमसीसी पास गर्नु जनताका लागि घातक हो भन्नेहरू बढिरहेका छन् । एमसीसी मुलुकको प्रतिकूल रहेछ भने मलाई देश निकाला गरियोस् भनेर कांग्रेसका महामन्त्री गगन थापा संसद भवनमा कुर्लिए । देश निकाला गर्ने कानुनी व्यवस्था वर्तमान संविधानमा छैन । यसरी जनतालाई बेकुव बनाउन सबै नेताहरू एक भएको देखियो ।

एमसीसी अनुमोदन भएपछि चीनले नोटिस गरेको अनुमोदनमा ध्यान दिएको प्रतिक्रिया दिइसकेको छ । संसदमा गगन थापाले चीन भारत अमेरिका सबैसँग अनुदान मागेर विकास गर्नुपर्छ भनेर बडो गर्वका भाषण गरे । मागेर देश विकास हुँदैन, देश विकास हुनका लागि त आफ्नै मुलुकमा भएको स्रोत र साधनको उचित सदुपयोग गर्दै अरबौं खरबौं रुपैयामा भ्रष्टाचार गरेर कमाएको अकुत सम्पत्ती फिर्ता लिने अभियान चलाउनुपर्छ भनेर थाहा हुँदा पनि उल्टोपाल्टो कुरा गरेर जनतालाई ढाँटनु कतिको जिम्मेवारीपना हो ? भिक मागेर कहिले पनि धनी भइन्न भन्ने कुरा राजनीतिक दलका उच्च नेतृत्वको दिमागमा किन नबसेको ? मागेर धनी हुने भए बाटामा माग्नेहरू जति सबैको घरजग्गा व्यवस्था भइसक्थ्यो । त्यसैले माग्नका लागि योजना बनाउनुभन्दा पनि आफ्नै मुलुकमा मौलाएको भ्रष्टाचार अन्त्य गर्ने र आफ्नै स्रोत साधनको प्रयोग गरेर देश विकास गर्नुका लागि राजनीतिक दलहरूलाई सत्बुद्धि मिलोस् भन्ने शुभेच्छा जनताको रहेको छ ।

# जलवायु परिवर्तन र माटोको जगेर्ना

**हेमचन्द्र महतो**

माटो हाम्रो जीवन पद्धति र जीविकासँग जोडिएको प्राकृतिक स्रोत हो । प्रकृतिमा एक अंगुल माटो बन्न चार सय वर्षभन्दा बढी समय लाग्दछ । यस्तो दुर्लभ र पुनर्नवीकरण गर्न धेरै समय लाग्ने माटो प्राकृतिक कारण वा मानव सिर्जित कारणबाट बगेर खेर गइरहेको छ । माटोविज्ञका अनुसार पृथ्वीमा ढुंगामाटोको निश्चित आयु हुने त्यसपछि आफै कुहिएर, छुट्टिएर पानी तथा हावा जस्ता माध्यमले स्वतः बगाउँर लैजाने तथ्य सुझाएका छन् । यी विभिन्न कारणले नेपालमा करिब ६००० नदीनालाहरू मलिलो माटो बोकेर बग्न बाध्य छन् । बर्षेनि करिब ५६ टन प्रतिहेक्टरका दरले माटो बगेर बंगालको खाडिमा पुग्ने गरेको तथ्यांक विभिन्न लेखमा पढ्न पाइन्छ । यद्यपि उक्त माटो बग्ने दरमा नियन्त्रण हुन नसकेको अवस्था छ ।

नेपालको सन्दर्भमा ७५ प्रतिशतभन्दा बढी वर्षा मनसुनको समयमा हुने गरेको छ । यो समयावधि जुनदेखि सेप्टेम्बर महिनासम्मको पर्छ । नेपालमा मनसुनको समयमा मात्र बढी पानी पर्ने, भिरालोपन भएको भू बनोट, अग्ला पहाड, कमलो चटानले बनेको भौगोलिक अवस्था, गहिरो र सांघुरो नदी प्रणली जस्ता कारणले गर्दा नेपालका प्राकृतिक रूपमा पनि भूक्षय तथा भूस्खलनको समस्या हुने र जसबाट बर्सेनि हजारौ जनता विपत्तिमा पर्ने अनि जनधनको अपुरणीय क्षति भोग्नु पर्ने अवस्था छ ।खासगरी पहाडी क्षेत्रमा भइरहेको अव्यवस्थित बसोबास, भिरालो जमिनमा समेत जथाभावी गरिएका जग्गा प्लटिङ्ग, वातावरणीय अध्ययनविनै डोजरले खनिएका ग्रामिण सडक, वन विनाश, वन डढेलो, अव्यवस्थित चरिचरण प्रणाली, अवैज्ञानिक कृषि प्रणालि तथा एकीकृत भूउपयोग नीतिको अभाव जस्ता कारणले सतही माटो बगेर खोलानालामा मिसिदै बगिरहेको छ ।

फलस्वरूप खेतीयोग्य जमीन नाश हुनुको साथै मलिलो माटो बगेर जाँदा भू उत्पादकत्वमा कमी भई खाद्यान्न उत्पादनमा समेत ह्रास आउनुको साथै जनताको सामाजिक अवस्थामा समेत नकारात्मक प्रभाव पारेको छ ।

मुलुकको कुल जनसंख्याको करिब दुई तिहाई जनसंख्या कृषि पेशामा निर्भर रहेकोले आम नेपालिको जिउने आधार माटो हो, जसको दिगो संरक्षण भएन भने कृषि क्षेत्रबाट जनताको जीवनस्तर माथि उठाउन सकिदैन । जनताको जीवनस्तर उठाउन र वातावरणीय सन्तुलन कायम राख्न भू संरक्षण तथा जलाधार व्यवस्थापनको प्रयासद्वारा भूक्षय रोकथाम गरी जमीनको उर्वराशक्ति बढाउन आवश्यक छ । जलाधारीय स्रोतहरूको उचित संरक्षण एवम् दिगो उपयोगबाट जलाधार क्षेत्रका जनताका खाद्यान्नका साथै घास, दाउरा रका जस्ता आधारभूत आवश्यक्ताहरू दिगो रूपमा परिपूर्ति गर्दे जनताको जीविकोपार्जनमा ठोस मद्दत पुऱ्याउन जरूरी छ ।

भूक्षयबाट हुने माटो उर्वराशक्ति ह्रासलाई रोकी जल, जंगल, जनता र जीवजन्तुवीचको अन्तर सम्बन्ध सन्तुलित राख्न र प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोग गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउनु आजको आवश्यक्ता हो । जल जमीनको संरक्षणद्वारा स्थानिय आवश्यक्ता परिपूर्ति गर्दै सन्तुलित वातावरण कायम राख्न र जनताको आवश्यक्ता पूर्तिका लागि स्थानिय समुदायहरूको सहभागिता अपरिहार्य हुन्छ ।

भिरालो जमिनका कारण माटोको जगेर्ना र संरक्षण गर्न हाम्रा पुर्खाहरूले गह्रा बनाएर खेतीपाती गर्ने, माटो बग्न नदिन खोल्सा खोल्सीमा बाँस, विरूवा लागाउँने, भलपानी तर्काउन परम्परागत कुलोहरू बनाउने जस्ता कम खर्चिलो विधिहरू प्रयोग गरेका थिए । तर त्यसरी जोगाउँको माटो आजकल जथाभावी डोजरले खनेर खोलामा बगाइरहेका छन् ।

यसले गर्दा एकातिर उर्वर माटो कम हुन गई कृषिको उत्पादकत्वमा ह्रास भइरहेको छ भने अर्कोतिर खोलाहरूमा पानीसंगै ढुंगा, माटो, लेदो बग्दा माथिल्लो तटीय क्षेत्रमा नदी/खोलाको कटानी बढ्ने र तल्लो तटीय क्षेत्रमा गेग्रान थुप्रिने र बाढीले पुर्ने समस्याहरू विकराल रूपमा बढेको छ । यसैले जमिनको संरक्षण महत्वपुर्ण चासोको विषय सावित भएको छ ।

भूक्षयबाट हुने समस्याहरूलाई न्यूनीकरण गर्न सहभागितात्मक जलाधार व्यवस्थापनका कार्यक्रमहरू मार्फत जमीनको उत्पाकत्व वृद्धि गरी स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गरी गरीवी न्यूनीकरणमा योगदान पुऱ्याउन दीर्घकालिन योजना तथा सोको प्रभावकारी कार्यान्वयनको टड्कारो आवश्यक्ता रहेको देखिन्छ ।

# मैले देखेको १९७ औं विश्व पर्यटकीय स्थल

## चेक गणतन्त्र प्रागको Marian Column

सुरेन्द्र ढकाल



भग्नावशेषको रूपमा रहेको स्तम्भ यस्तो रहेछ



ओल्ड टाउन स्क्वायरमा रहेको मेरीको स्तम्भको ढल्नु अगाडिको अवस्था



स्तम्भका भग्नावशेष यत्रतत्र थुप्रिएको अवस्था



पुनर्निमित मेरीको सालिक

मे ७ २०१५ का दिन प्रागको Old Town Square अवलोकन गरी सक्दा नसक्दै दिनको १ बजेको थियो। हामी तत्पश्चात् त्यहीँको एक रेष्टुराँमा हल्का खाना खाई पुनः स्क्वयारमा रहेको Marian column रहेको स्थल अवलोकन गर्नेतर्फ केन्द्रित भयौं।

### Marian column

प्रागको Old Town Square मा रहेको यो स्तम्भको टुप्पामा जेसस क्राइस्टकी माता मेरीको सालिक ठड्याइएकोले यसको नाम Marian column भएको रहेछ। धार्मिक युद्धको अन्ततिर सन् १६५० मा ठड्याइएको यो स्तम्भ सन् १९१८ मा भएको अस्ट्रो हंगेरियन वंशको पतनकै साथसाथै भत्काइएको रहेछ। यो स्तम्भका आर्किटेक्ट योहान गेओर्ग बेण्ड्ल रहेछन्।


युरोपका विभिन्न शहर जस्तो रोम, म्युनिख र भियनामा रहेको मेरीका स्तम्भहरूमध्ये यो सबैभन्दा पुरानो रहेछ। जगमा नै गजुरजस्तो खोक्रो गोलाई बनाइ त्यसको माथिबाट उठाइएको १६ मिटर अग्लो यो स्तम्भको चार कुनामा चारवटा परी (angels) उभिएको देखाइएको छ। पहिलो परीले राक्षसलाई नास गरेको कारण विद्धताको प्रतिनिधित्व गरेको, दोस्रो परीले सिंहलाई हराएको कारण नैतिकताको प्रतिनिधित्व गरेको, तेस्रो परीले समुद्री जीव ड्रागनलाई हराएको कारण वीरताको प्रतिनिधित्व गरेको र चौथौ परीले पनि राक्षसलाई हराएको कारण भलादमीपनको प्रतिनिधित्व गरेको बताइँदो रहेछ।

सन् १७५७ मा भएको प्राग शहरमाथिको तोप आक्रमणको कारण स्तम्भको दक्षिण पश्चिम भाग क्षतिग्रस्त भएको र सन १८५८ मा आएर प्रागका मूर्तिकार जोसेफ बोहेमले पुरानै ढाँचामा स्तम्भलाई दुरुस्त बनाइदिएका रहेछन्। सन् १९१८ मा अस्ट्रो हंगेरियन वंशको पतनको साथसाथै चेकोस्लोभाकिया स्वतन्त्र राष्ट्र भएपछि गणतन्त्रवादीहरूले यो स्तम्भ राजतन्त्र र कट्टर क्याथोलिकवादको प्रतिक भएको कारण भत्काएका रहेछन्। स्तम्भ भत्काए तापनि त्यसको भग्नावशेषलाई नजिकैको सेन्ट आन्ना चर्चको चोकमा लगेर थुपारिएको र मेरीसहित चार परीहरूको सालिक र ढुंगाका रेलिङहरू भने प्राग लापिडेरियमको गोदाममा लगेर राखिएको बताइँदो रहेछ।

मेरीको टाउको फुटेको अवस्थामा सन १९५७ तिर प्रागको एक पुरातात्विक वस्तु बिक्री गर्ने पसलमा भेटिएको भनिँदो रहेछ। तत्पश्चात सन १९९० सम्म कसैले पनि यो स्तम्भ पुरातात्विक रुपबाट बहुमूल्य छ नभनेको कारण यसलाई पुनः ठड्याउनेतर्फ ध्यान गएको रहेनछ।

सन् १९९५ मा प्रागका केही मूर्तिकारहरूले यस स्तम्भको पुनर्निर्माण सुरु गरेका रहेछन्। सन २००२ मा मूर्तिकार पेत्रभानाले फुटेको मेरीको टाउको दुरुस्त बनाइ लेडी चर्चको दक्षिणतर्फ लगेर राखेका रहेछन् र पेत्रभाना र उनका भाइहरू मिलेर भारतबाट चुनढुंगा आयात गरी स्तम्भलाई पुरानै रुपमा बनाएका रहेछन्। तर प्राग नगरपालिकाले यस स्तम्भलाई ठड्याउन नदिएको रहेछ, त्यसको कारण विवाद उठी कतै प्रागका नागरिक बीचमा बैमनस्य बढ्ने त होइन भन्ने डर रहेछ।

हामी त्यस स्तम्भ भएको स्थलमा धेरै बेर बस्यौं किनकी पर्यटक गाइडहरूले त्यस स्तम्भ रहेको स्थल देखाइ चाखलाग्दो किसिमले त्यस स्तम्भको पुरै इतिहास बताउँदा रहेछन्। प्रोटेस्टेन्ट र गणतन्त्रवादीहरूको शहर भनेर चिनिने प्राग शहरमा क्याथोलिक एवं राजतन्त्रको प्रतिनिधित्व गर्ने यस स्तम्भ कहिले ठडिन्छ भनेर बताउन नसकिने जानकारी दिइँदो रहेछ। २०१५ मा हामी त्यहाँ पुग्दा सुनेको यस स्तम्भको इतिहास र हामीले अवलोकन गरेको स्तम्भ ठडिएको स्थल धेरै पछिसम्म



भत्कनुअघि स्तम्भको प्राचीन चित्र

जस्ताको तस्तै रहेकोमा सन २०२० मा आएर स्तम्भ ठडिएको मैले थाहा पाएँ। यो सुन्दा स्तम्भ रहेको स्थलमात्रै अवलोकन गरेकोमा आफूलाई गर्व लाग्यो। स्तम्भ ठडिएपछि सामाजिक सञ्जालमार्फत ठडिएको स्तम्भको तस्विर हेर्न पाउँदा ७ वर्षअगाडि पुगेको प्रागको त्यो Old Town Square र स्तम्भ ठडिने भनेको स्थलको सम्झना अहिले पनि मेरो मगजमा ताजै छ।



स्तम्भ ठडिएको गोलाकार गजुरसहित जग



स्तम्भसँगै रहेको चार परीहरूमध्ये एक

# सर्प बारेको भ्रम र यथार्थ

**सुदर्शन प्रधान**

सर्पलाई गाउँघर तिर लाम किरा पनि भनिन्छ। किरा जस्तै तर लामो भएकोले लाम किरा भनिएको हुन् सक्छ। लाम किरा अर्थात सर्पसँग नडराउने मानिस कमै होलान ! किनकि सर्पले टोकेर मान्छे मरेका घटना बेलाबेला समाचारमा आईरहन्छन्। तराई मधेस तिरका गाउँबस्तिहरूमा त प्रत्यक्ष देख्न सकिन्छ। तर सर्पले टोकेर एक वर्षमा जति मान्छेहरू मर्छन् त्यसको हजार गुणा धेरै सर्पहरू मान्छेहरूबाट मारिन्छन।

सर्पहरू सबै विषालु हुदैनन्। करेत, गोमन, नागराजा, जस्ता तराई र भित्री मधेशमा पाईने सर्पहरू विषालु हुन्छन भने पहाड र तराइमा पाइने ठुला धामन सर्पहरू बिषालु हुदैनन्।। हेर्दा डर लाग्दा तर विष नभएका र मान्छेसँग डराउने यो साप बहुउपयोगी साप हो। वास्तवमा सबै खाले सर्पहरू उपयोगी हुन्छन। सर्पले मुसा जस्तो घातक जीव खोजी खोजी आहारा बनाउछन्। मुसा यति घातक प्राणी हो जसले खेतबारीको अन्न, फलफूल र तरकारी मात्र होइन भकारी र भण्डारका खाधान्न पनि सिध्याउछन्, नाश गर्छन। खेतबारी र वनजंगल डाँडाकाडाँहरूमा समेत तिनका तिखा दाँतले जमिन उधिनेर छिया छिया पार्छन्। अनि मनसुनको वर्षादमा जमिन मूनी भल पसेर जताततै पहिरो चल्छन्, बाढी उर्लन्छन् जसले गर्दा हजारौं हेक्टर उर्वरा भूमी गेगरले ढाकेर मरुभूमी बन्न पुग्छन। मुसाहरूले गर्दा सयौ मानवहरूको ज्यान अकालमा नै जान्छ, गाउँबस्ती डुबानमा परेर करोडौं/अरवौंको धन सम्पत्ति स्वाहा हुन् पुग्छ। यसरी मुसा मानव समाज र सभ्यताको लागि घातक प्राणी मानिन्छ। त्यही मुसालाई धुँईपत्ताल लगाई खोजेर खाइ दिने अर्को प्राणी हो सर्प। यो पारिस्थितिक प्रणालीलाइ सन्तुलनमा राख्नको लागि एक असाध्यै महत्वपुर्ण जीव हो, यसले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा मानिसलाई सहयोग पुर्याएको हुन्छ। तसर्थ सर्प एक महान प्राणी हो। मानव समाज र सभ्यताको संरक्षणमा सर्पले अप्रत्यक्ष रुपमा योगदान दिएको हुन्छ।

कतिपय धार्मिक सास्कृतिक मूल्य मान्यता अनुसार पनि सर्पको महत्व र त्यसको संरक्षण गर्नु पर्ने विस्वास छ। हिन्दु धर्म शास्त्रले शेष नागले पृथ्वीलाई धानेको छ भनिन्छ, यस्ता विस्वासहरूबाट पनि सर्पको संरक्षणमा अर्थपूर्ण सहयोग पुगेको पाइन्छ। प्रकृतिको सुरक्षा र संरक्षण हुने कुनै पनि धार्मिक सास्कृतिक होस् वा गैर धार्मिक मूल्य मान्यता त्यसको संरक्षण र संम्बर्धन गरिनु पर्छ।





हिन्दु संम्प्रदायले नाग पञ्चमीको दिनमा नागको तस्विर मुल ढोकामा टाँस्ने परम्परा छ। नाग भनेको सर्प नै हो। नागको फोटो टाँस्दै जनताको घर घरमा चाहार्ने पण्डित ब्राम्हणहरूले सर्पको यथार्थता बारे अध्ययन मनन र चिन्तन गरि सर्वसाधारणलाई त्यसको संरक्षण गर्न श्लोक कथा, कविताहरू सुनाएर जादाँ प्रकृतिको संरक्षणमा ठूलो मद्दत पुग्ने थियो। तर आज सम्म तिनको कर्म जनताको मूल ढोकाहरूमा कागजमा ५,७,९ वटा सर्पहरू बटारिएको आकर्षित छापाहरू टाँस्ने र रुपैंया सहितको चामल, फलफूल, नुन, घ्युहरूले भरिएको टपरीहरू संकलन गर्न मात्रै जोड गरिएको जस्तो देखिन्छ। खेतबारी, घरगोठ र जंगलमा भएका साना देखि ठूला मुसाहरूलाई आहारा बनाउने सर्प भनौं वा नागहरू हाम्रा परम मित्र र संरक्षक हुन भनेर आत्मासात गर्ने परम्परा र संस्कृति स्थापना गर्न जरुरत छ। सर्पको महानता र उपयोगीता यहाँ उल्लेखित कुराहरू बाहेक अरु थुप्रै हुन सक्छन्। यसबारे पर्यावरण विद् र प्रकृतिप्रेमीहरूले अध्ययन र अनुसन्धान गरि सबैलाई बुझाउन खाँचो छ।

विगत १८ महिना देखि पंक्तिकारको परिवार सहित आफ्नो ३० रोपनी पूर्ख्यौली जग्गा भएको बन्दिपुर गा.पा. ३ प्रेम नगरको कृषि फर्ममा बस्दै आएको छ। पशुपालन र खेतिपाति हाम्रो कर्म हो। तिन तिरबाट जंगलले घेरिएको यो स्थल सर्पहरू लगायत वन्यजन्तु र पशुपंक्षीहरूको जमघट हुने ठाँउ पनि हो। गएको फाल्गुन महिना देखि यहाँको जंगलमा पनि डढेलो लागेको थियो। डढेलो निभाउन मैले सक्रिय भुमिका खेले। सन्चो नहुँदा पनि लौरो टेकेर डढेलो निभाउन पटक पटक एक्लै भए पनि जानु र आफ्नो क्षेत्र बाहिरको जंगलमा डढेलो देखे त्यसलाई निभाउन संम्बन्धित जनता र वन समितिका पदाधिकारीहरूलाई रात विरात फोन गरेर झकझकाउने कार्यहरूलाई मैले आफ्नो परम कर्तव्य माने। मध्य रातमा बन्दुक बोकेर लुइंचेको शिकार गर्न आउने शिकारीहरूका अपराध कर्महरू तिनका आसंकित सञ्जाल विचित्रका देखे। सबै खालका र सबै ठाउँका धर्तिद्रोहीहरूका संगठित संजालहरू विघटन, निस्क्रिय र विनाश गर्न सबै ठाउँका र सबै खालका प्रकृति प्रेमी र पर्यावरणविद र संरक्षण कर्मीहरू बिचमा उच्च स्तरको एकता, सचेतता र संघर्षशीलतताको ज्यादै दरोकार रहेको झन् महसुस हुदै गएको छ।

माथि सर्पबारे चर्चा गर्दै थिए। जेष्ठको अन्ततिर यहाँ दुई ठाउँमा दुई ठूला सर्पहरू मरेको देखियो। पहिलो हाम्रै मुढे च्याउको मुडका मुनी र अर्को राहु पानीको धारामा। दुवैको प्रकृति हेर्दा जंगलमा लागेको डढेलोले घाइते बनेको हो। छालाको ठाउँ ठाउँमा घाउ र दाग भएकोले यो अनुमान गाह्रो थिएन। यो त भयो हामीले देखेको घटना। डढेलोले यो देउ थुम्की वन सुकौराको वन, मुच्चुकको वन, कुवादी वन, रामकोट, आहालडाँडाको वन, कुलुङ, केशवटार, बन्दिपुरको रानी वन वरपरको भेगमा लागेको डढेलोले कति हजार र लाख सर्पहरू मरे होलान्। कति हजार र लाख चराचुरुङ्गी र अन्य जीवजन्तुहरू मरे होला ? अनि नेपाल भरिको जंगलमा लागेको डढेलोले सर्पहरू, पशुपंक्षीहरू कति ठुलो संख्यामा खरानी बने होलान् ? जुन अधिकांस डढेलो लगाउने मान्छेहरू नै हुन्। देशभरी डढेलोले दश जना जति मानिसहरू मरे होलान् तिनको प्रचार चाही पत्रपत्रिका र टि.भी. एफ.एम. रेडियोहरूले उच्च रुपले गरे तर असंख्य र रुपमा प्रकृतिका सदस्यहरू विनाश भएको चाँही खासै वास्ता गरिएन, गम्भीरतापूर्वक लिइएन। यसको मूल कारण मानव जाति सर्वोसर्वा हो, प्रकृति त केही होइन भन्ने चिन्तन, संस्कार र प्रवृति प्रवल भएर नै हो। जबकि प्रकृति विना यो मान्छेको अस्तित्व असम्भव छ। बरु यो सभ्य र विवेकशील मानिने तर प्रकृति माथि अत्याचार गर्ने मान्छेहरू नभएर फरक नपर्ला !

जहाँ सम्म विषालु सर्पहरूको कुरा छ, ति प्राय राति हिड्छन् र तिनले मुसा, भ्यागुताहरू खोज्दै हिड्दा तिनलाई कुल्चिदा वा हामीबाट खतराको अनुभूति हुदाँ टोक्ने हो, डस्ने हो।अन्यथा मान्छेलाई खोज्दै र लेखेट्दै सर्पले टोकेर मारेको कुनै प्रमाण कसैसँग छैन। बरु मान्छेको डरले ज्यान बचाउन भागेका सर्पहरूलाई मुढा पन्छाएर, ढुङ्गा पल्टाएर, हलो र खालहरू खोतलेर मारेका, टुक्रा टुक्रा पारेका प्रमाणहरू हजार छन्। हाम्रा फर्मको घर गोठ वरपर दुई कालो र खैरो रंगको झण्डै २.५ मिटर लामो धामन साप बेलाबेला देखि रहेछौं। टाउको सानो जीउ ठूलो र पुच्छर चुच्चो भएकोले ति विषालु हैनन् भनेर म ढुक्क छु।

एनिमल प्लानेट च्यानलमा झण्डै दुई वर्ष अघि सर्पको बारेमा एउटा रोमान्चकारी डकुमेन्ट्रि प्रस्तुत गरेको थियो। त्यहाँको दृश्य दक्षिण भारतको एउटा आदिवासी गाउँको हो। जुन गाउँका जनताले नागलाई जिवन्त पूजा गर्छन् र पर्सादहरू चढाउछन् , फुल टिकाहरू लगाई दिन्छन्। रंगीन ति नागहरू मन्दिर परिसर वरपर डुल्छन्। जसरी नेपालको तनहुँ जिल्ला स्थित छाब्दी बाराही मन्दिरको परिसरमा माछाहरू घुमफिर गर्छन्।

नागको वर्णन गर्दा डकुमेन्ट्रिमा एउटा नाग ५, ६ दिन सम्म मन्दिरमा नै रहन्छ। एक महिलाले पुजारीलाई यो कुराको जानकारी गराउछिन्। अनि पुजारीको छोरा नै होला भर्खरको एक केटा आएर नागको पुच्छरबाट उठाएर जंगल लगी छोडिदिन्छन्। आदिबासीले नागहरूलाई मन्दिरमा २,३ दिन मात्र बस्न पाउने र नयाँ नाग आउन पर्ने नीति बनाएको जस्तो लाग्यो। नाग करेत जातको भएको पनि उदघोषकले बताएका थिए, जुन विषालु हो। प्राय जुन सर्पको मुखमा लामा लामा तलमाथि दुई दुई वटा तिखा दाँतहरू हुन्छन् ति सर्प विषालु हुन्छन्। तर दक्षिण भारतका आदिवासी तिनै सर्पहरूलाई पुजा गरेर एक आपसमा मिलेर बसेका छन्। समाज र संसार भरि यस्तो संस्कृतिको प्रवर्धन गर्न जरुरत छ। प्रकृति नरहे कोही बाकी रहने छैन, हामी मानिसले अन्य जीव र प्रकृति बिनाश गर्ने मुर्खता होइन मिलेर बस्ने प्रयत्न गरौ।

कविता

## हाम्रा नेता कति तगडा



● प्रेम ओली
(ढकलपुरे)

यो पार्टी भित्र पनि झगडा
त्यो पार्टिमा पनि लफडा
पार्टी पार्टी बीच पनि झगडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति तगडा !

उहिलेदेखि
प्रजातन्त्रको लागि पञ्चहरूसँग झगडा
गणतन्त्रको लागि राजासँग झगडा
लोकतन्त्र आएपछि
संविधान बनाउदा झगडा
सधैं झगडै झगडा।
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति तगडा !

संबिधान आएपछि फेरि
मधेसी दलसँग झगडा
चुनाव आएपछि झन्
गुट उपगुटमा झगडा
मेरो मान्छेलाई टिकट दे, भन्नेमा झगडा
नयाँ सरकर बन्दा
मन्त्री बाँडफाँडमा अर्को लफडा
कहिलै नसकिने यो कस्तो झगडा !
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति तगडा !

कहिले म खान्छु, म खान्छु भनी
खानेमा झगडा
कहिले म जान्छु विदेश भनी
जानेमा झगडा
अब त सकियो भनेको बेला
नयाँ नयाँ कुरामा फेरि लफडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति तगडा !

आफ्नो सुविधा बढाउन परे, छैन झगडा
आफ्नो तलब बढाउन पाए, हुन्न झगडा
जनताका लागि
बजेट ल्याउँदा झगडा
विकासका कुरा गरे लफडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति तगडा !

कसैलाई नियुक्ति दिँदा पनि झगडा
कसैलाई दुत बनाउँदा पनि झगडा
न्यायधिस बनाउँदा पनि झगडा
आयुक्त बनाउँदा पनि झगडा
बाउआमाले पनि झगडा गर्दै जन्माएका हुन् कि
झगडा गर्दै हुर्काएका हुन
के यस्तै गर्नु भनी यिनलाई
बच्चैदेखि फुर्काएका हुन
देश विकास थाँती राखी सधैं लफडा
कहिलेसम्म सकिएला यिनको झगडा
हैन ए गाँठे ! झगडा गर्न
हाम्रा नेता कति तगडा !

## नियात्रा स्मृतिको क्यानभासमा नयाँ रङ–४ (४)

✍ **रामप्रसाद पन्त**

उनी भन्दै थिए– 'स्याङ्जामा जन्मैं, देहरादूनमा पढें, कास्कीमा घरबार गरें, काठमाडौंलाई कर्मथलो बनाएँ। यसरी रिँगिरहेछ मेरो जीवन। कहिले कता कहिले कता !'

चेतनले भारतीय नेपालीहरूलाई एउटा चेतना दिए– 'नेपालका पहिला विदेशी लाहुरे भनेका वीर बलभद्र कुँवर हुन्। उनकै पछि लागेर आएका नेपालीहरूबाटै फैलिएको हो– गोर्खाली समाज र नेपाली भाषा। तसर्थ उनै पुर्खाको इज्जतका लागि पनिघरमा बच्चाहरूसित बोल्दा तपाईंहरूले नेपाली नै बोल्नुहोला। यतिमात्र गरियो भने नेपाली भाषाले पुस्तान्तरसम्म फैलिने मौका पाउने छ। अन्यथा अर्को पुस्तापछि नेपाली भाषा मरेर जाने छ। गोर्खाली शान र मान केही पनि रहने छैन।Ú

राम्रै कुरा गरे चेतनले। उनले जस्तै मैले पनि अमेरिका र अष्ट्रेलिया जाँदा त्यहाँ बस्ने नेपालीहरूसँग यस्तै भन्ने गरेको थिएँ र एक प्रकारको अभियानै चलाएको थिएँ।

चेतनको मन्तव्यपछि हाम्रो टोलीका तर्फबाट उमेरमा सिनियर मोहनबहादुर कायस्थले आभार प्रकट गरेका थिए। आपसमा उपहार आदान प्रदान गर्ने काम भएको थियो। डिबी राणा र पदमसिं कार्कीबाट कविता वाचन गरिएको थियो। त्यसपछि क्षेत्रीले सभा विसर्जन गरिदिएका थिए। के थियो र कार्यक्रमको रौनक ! २०/२२ जनाको जमघट डेढ घण्टाभित्रै तितरबितर भयो।

सोचें, लाहुरे उत्पादन हुने समाजमा साहित्यको उत्थान कसरी हुन्थ्यो ! भूपेन्द्र भन्दै थिए– 'यत्तिको कार्यक्रम पहिलोचोटी भयो।Ú धन्न भूपेन्द्र मास्टर बनेछन् र साहित्यको बिँडो थामेछन्। एकै जना भए पनि राधेश्यामले भूपेन्द्रको अध्यक्षतामा अनेसास देहरादून च्याप्टर घोषणा गर्न बाँकी राखेनन् र, भने – अनेसासको ८५ औं च्याप्टर घोषणा भयो।

मनमनै सोचें– कठिन रहेनछ च्याप्टर गठन गर्न। अब त्यसले के काम गर्ने हो र मूल समितिलाई कस्तो प्रतिवेदन दिने हो ?

दुई बजे हामी उन्मुक्त भइसकेका थियौं।
भोलि त हामी बिहानै सिमला प्रस्थान गर्नुपर्छ।
आज कति घुम्न सक्छौं दून प्रदेश ?




भूपेन्द्रजीले नाम लिनुभयो क्लेभेन्टटाउन र ड्राइभरलाई अह्राउनुभयो घुमाएर ल्याउन।

हामी चक्रवर्ती सम्राट् चन्द्रगुप्त मौर्य चोक, सहारनपुर रोड, जेआइएसएम रोड हुँदै क्लेभेन्टटाउन पुग्यौं। विशाल भूभाग ओगटेको गुरु पद्मसम्भवको गुम्बा रहेछ त्यहाँ। एकतर्फ जङ्गली एरिया र बाँकी सुन्दर सफा भूभागमा विस्तारित भएको सो गुम्बाभित्र अग्लो बुद्धमूर्ति ठडिएको र अर्को निर्माणको अवस्थामा रहेको।

सोचें, कहाँबाट आउँछ गुम्बा निर्माणका लागि यति ठूलो रकम ? मूर्तिविरोधी बुद्धका यति धेरै मूर्तिहरू किन बन्दै छन् ? जसले जुन चीजमा विश्वासै गरेन, त्यसैको निम्ति सर्वाधिक शक्ति, समय र साधन किन खर्च गरिँदै छ ? जसले देखावटी भन्दा वास्तविकता, बाहिरी भन्दा भित्री तत्व पाउनकै लागि जीवन अर्प्यो, ध्यान गर्‍यो र त्यसैलाई पाउने अन्तर्चाहना राख्यो, त्यसैको विपरीत आडम्बर प्रदर्शन किन गरिँदै छ ?

घुम्ने ठाउँ त धेरै थिए, तर हामीलाई समय थिएन। केही मलाई पनि थाहा थियो, केही जानकारीमा आउँदै थियो– त्यहाँका मुख्य पर्यटकीय स्थलहरू के के हुन् ? र, ती ठाउँमा पुग्न र दृश्यावलोकन गर्न कति समय लाग्छ ?

तसर्थ मैले टिवेटन टेम्पलबाट फर्कँदा मनमनै नमन गरें– हाम्रै मनकामनाको महत्व राख्ने सन्तलादेवीलाई, तप्केश्वरलाई, साईंदरबारलाई र लक्ष्मणसिद्धलाई। यसैगरी मनमै राखें सहस्रधारा, रोबर्सक्याब, मल्सीदीर पार्क र रजाजी नेशनल पार्कलाई।

सहरको घनत्व देखेर मैले मनमा गुन्दै थिएँ, समय परिस्थितिले मानिसलाई असोचनीय आवश्यकताहरू सिर्जना गरिदिन्छ र कल्पना नगरेको कुरा गर्न बाध्य बनाउँछ। सर्वविदितै थियो, केही वर्षअघिसम्म देहरादून जिल्ला उत्तरप्रदेश राज्यअन्तर्गत नै थियो। तर सार्वभौम जनताको चाहना अनुसार छुट्टिन कर लाग्यो र भारतको सत्ताइसौं राज्यको रुपमा उत्तराखण्ड राज्य विभक्त भयो।

मलाई जानकारी मिलेको थियो, एक करोडभन्दा बढी जनसङ्ख्या भएको उत्तराखण्डमा तेह्र जिल्ला समेटिएका रहेछन्। जसको पूर्वमा नेपाल र उत्तरमा चीनसँग सिमा जोडिएको रहेछ। उत्तराखण्डको राजधानी देहरादून भए पनि उच्च न्यायालय भने नैनीतालमा रहेछ। प्रमुख आयस्रोत वनसम्पदा र जलसंसाधन भएको उत्तराखण्डमाभागिरथी, अलकनन्दा र मन्दाकिनीजस्ता पवित्र नदीहरू बग्दारहेछन्।

हामी सहरका मार्गहरू छिचोल्दै घण्टाघर आइपुग्यौं। घण्टाघरमा ध्वनिप्रदूषण व्याप्त थियो। आज दसैंपछिको पूर्णिमाको दिन। मृत्तिका निर्मित देवीका मूर्तिहरू विसर्जन गर्ने दिन। बाजागाजा, नृत्य र झाँकीहरू सहित आएको मानव सागरले घण्टाघर परिसर छपक्कै छोपिएको थियो। बाजा र नर्सिङ्गाको तुमुल निनादले कानै विष्फोट होलाजस्तो भएको थियो।

यसै बीच हामीहरूले रिचार्ड कार्डहरू किन्यौं, चिया पान गर्‍यौं र त्यहीं सँगै एउटा पार्कमा ठडिएको राममनोहर लोहियाको दिव्य प्रस्तर मूर्ति अवलोकन गर्‍यौं। समय संसाँझ भइसकेको थियो। पार्कभित्र पानीका फोहोरा आकाश चुम्दै पुनः जलाशायमा ओर्लंदै गरेको दृश्य देखिँदै थियो। रङ्गी विरङ्गी बिजुली बत्तीले पानीका फोहराहरूको रङ्ग बदलिदिएको थियो। अत्यन्त सुन्दर देखिँदै थियो सप्तरङ्गी बिजुलीले रङ्गाइदिएको सप्तरङ्गी पानी। चिसो हावा चल्दै थियो। झाँकी र नाचगान सुनेर पनि हामी अघाइसकेका थियौं। गाडीले पनि धेरै बेरदेखि हाम्रो प्रतीक्षा गरिरहेको थियो। तसर्थ राजपुररोड हुँदै हामी निवासतिर लाग्यौं, जहाँ हाम्रा झोलीतुम्बाहरू थिए, जहाँ बसेर हामीले खाली पेट भर्न सक्थ्यौं र जहाँ विश्राम गरेर हामीले दिनभरको थकाई मेट्न पाउँथ्यौं, त्यही भवन– गोर्खाली सुधार सभा।

## एमसीसीमा अब थप राजनीति नहोस्

काठमाडौं। विवेकशील साझा पार्टीले एक विज्ञप्ति प्रकाशित गरी एमसीसीमा अब थप राजनीति नगर्न आग्रह गरेको छ। पार्टीका शरदराज पाठकद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

'एमसीसी कम्प्याक्ट सम्झौतालाई अत्यन्त गिजोलेर चरम सत्ता दाउपेचको विषय बनाउँदै अन्ततः कुनै संवैधानिक तथा कानुनी हैसियत नहुने व्याख्यात्मक टिप्पणीको लेपन लगाएर अनुमोदन गरिएबाट नेपाली राजनीति कति रसातलमा बहिरहेको छ भन्ने प्रस्ट भएको छ।

विगतमा बारम्बार जसरी राष्ट्र हितलाई मध्यनजर राखेर होइन, निहित राजनीतिक स्वार्थहरूका कारण कयौं गम्भीर निर्णयहरू लिइएका छन्, त्यसै गरी, एमसीसी पनि निहित राजनीतिक स्वार्थहरूका कारण नै पारित भएको छ। संसद्मा देशको हितबारेको बहस गौण हुनु र सत्ता समीकरण प्रधान हुनु अत्यन्तै चिन्ता र खेदजनक विषय हो।

सत्ता गठबन्धन र प्रतिपक्षी दलको अपरिपक्व र गैह्र जिम्मेवारीपूर्ण शैली एवम् संवेदनशील समयमा प्रदर्शित उत्ताउलो रवैयाका कारण चीन र अमेरिकाको अस्वाभाविक सक्रियता बढेर एमसीसी पेचिलो भूराजनीतिक मुद्दा बन्न पुग्नु हाम्रोजस्तो मुलुकका लागि शुभ सङ्केत होइन।

तर अबका दिनहरूमा एमसीसीमाथि थप राजनीति गर्नु भनेको बढ्दो रूपमा संवेदनशील बन्दै गएको नेपालको भूराजनीतिक जटिलतालाई अझ बल्झाउनु हो। त्यस्तो काम अब कसैबाट पनि हुनु हुँदैन।

एमसीसी सम्झौतामाथि हालैका वर्षमा जे जति बहस र राजनीति भए, त्यसले भविष्यमा विदेशी ऋण-अनुदान लिनु र सन्धि-सम्झौता हुनु पूर्व गरिनु पर्ने गृहकार्य र देखाउनु पर्ने सुझबुझलाई निर्देशित गर्न सक्यो भने त्यो देशका लागि फलदायी हुनेछ।

आधा भरिएका नैतिकताहीन ढ्वाङहरूको स्वार्थ केन्द्रित नेतृत्व कायम रहेसम्म हामी एकपछि अर्को विभिन्न किसिमका काण्डमा फसिनै रहने छौं। अतः आगामी निर्वाचनले त्यस्तो नेतृत्वलाई फाल्न दिने मौकाको भरपुर सदुपयोग गर्न विवेकशील साझा पार्टी देशभक्त आम नेपाली नागरिकलाई हार्दिक अपिल गर्दछ।

विवेकशील साझा पार्टीले आम रूपमा उठेका प्रश्नहरूको सम्बोधनसहित आवश्यक संशोधनबिना एमसीसी सम्झौता यथारूपमा पारित गरिनुहुन्न भन्ने मान्यता विगतमा पटक पटक स्पष्ट रूपमा राख्दै आएको पुनः स्मरण गराउन चाहन्छौं।

## छुट्टाछुट्टै घटनामा मृत्यु

बारा। महागढीमाई नगरपालिका-१ पथरहट्टी मोडस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा जितपुरसिमरा उपमहानगरपालिका-२४ हरिपुर बस्ने चालक ३५ वर्षीय रोशन यादवको मृत्यु भएको छ। उनको जिल्ला अस्पताल कलैयामा उपचारको क्रममा मृत्यु भएको हो।

यस्तै पर्सा, सखुवाप्रसौनी गाउँपालिका-१ सिरही बस्ने २६ वर्षीय रामेश्वर महतोको करेन्ट लागेर बुधबार बिहान मृत्यु भएको छ। उनको उपचारको लागि गण्डक अस्पताल वीरगंज लैजाने क्रममा बाटोमै मृत्यु भएको हो भने रौतहट, कटहरिया नगरपालिका-२ हथियाहि बस्ने ६५ वर्षीय हरिनारायण राउतको खेतमा पानी लगाउने क्रममा तारबाट करेन्ट लागेर बुधबार बिहान मृत्यु भएको छ।

यसैगरी सर्लाही धनकौल गाउँपालिका-३ हरकठवा टोल बस्ने रामपुकार यादवकी १७ महिनाकी छोरी रिया कुमारी यादवको घर पछाडी रहेको कलबाट निस्किने पानी जमेको खाल्टोमा डुबेर बुधबार दिउँसो मृत्यु भएको छ।

# युक्रेन संकट : रूस, अमेरिका आमनेसामने



**विष्णु भट्टराई**

पहिले युक्रेन रुसी साम्राज्यको अंगको रुपमा रहेको थियो। किभलाई एउटा पौराणिक राजधानीको रुपमा पनि लिने गरिन्छ। युक्रेन तत्कालीन सोभियत संघको अंगकै रुपमा थियो। १९९१ मा संघको विघटनपछि स्वतन्त्र भएको हो।

इतिहासमा युक्रेन स्वतन्त्र देशको रुपमा रहेको थियो वा थिएन भन्ने विषयमा फरक फरक धारणा रहेको छ। रुसीहरूले युक्रेन सँधै अधिनस्थ रहेको बताउँछन् भने सांस्कृतिक र राजनीतिक रुपले जोडिएको देश हो भनेर भन्छन्। युक्रेनी भने फरक भएकोमा जोड दिन्छन्।

इतिहासमा कुनै पनि देश के थियो भन्ने विषय वादविवादको विषय हुनसक्छ तर कुनै पनि देशको स्वयत्तता, स्वतन्त्रता, सार्वभौमिकता, सम्प्रभुतालाई सबैले सम्मान गर्नुपर्छ। सुरक्षा वा आर्थिक कुनै पनि कारणले अन्यसँग केही विषयमा जोडिएको छ भने पनि त्यसको स्वायत्ततालाई वृद्धि गरिनुपर्छ।

युक्रेनमा युक्रेनी र रुसी जातीय समूहबीच विवाद रहेको छ। युक्रेनीहरू सोभियतकालमा नियतवश नै रुसीले पूर्वी युक्रेनमा बस्ती बसाएको बताउँछन्। युक्रेनमा जनसंख्याको १७ प्रतिशत रुसी छन्। त्यही जनसंख्या अहिले



रुसको समर्थनमा देखिन्छ। सोभियतकालीन अन्य गणराज्यहरूमा पनि रुसी रहेका छन्। यस्तो जनसंख्या सबै ठाउँमा छरिएर रहेको छ।

पश्चिमी भागमा बस्नेहरू आफूहरू युरोप नजिक भएको ठान्दछन्। युरोपसँग जोडिनुपर्छ भन्ने धारणा राख्छन्। पूर्वतर्फ बस्नेहरूमा भने रुससँग निकट भएको कारण मस्कोतर्फ सम्बन्धमा जोड दिन्छन्, जसले युक्रेनलाई विभाजित गरेको छ र त्यसले समस्या उत्पन्न गराएको हो। युक्रेन स्वतन्त्र देशको अस्तित्वमा आएदेखि कहिले रुसपरस्त त कहिले युरोपपरस्तले चुनाव जित्दै आएका थिए। उनीहरूबीच तानातानी चलिरहेको थियो। तर, २०१४ त्यसको उत्कर्षमा पुग्यो।

'रिभोलुसन अफ डिग्निटी'ले रुसपरस्त राष्ट्रपति भिक्टर यानुकोभिकलाई अपदस्थ गर्‍यो। राष्ट्रपति यानुकोभिकले युरोपेली संघसँग आर्थिक तथा सामाजिक रुपमा जोड्ने सम्झौतामा हस्ताक्षर गर्न अस्वीकार गरेपछि उनीविरुद्ध श्रृङ्खलाबद्ध विरोध प्रदर्शन भएको थियो। प्रदर्शनहरू हिंसात्मक भए। उनी देश छाडेर भाग्नुपर्‍यो। यानुकोभिकविरुद्ध आन्दोलनमा पश्चिमाहरूको भूमिका रहेको धारणा मस्कोको छ।

रुस आफूसँग सीमा जोडिएको युक्रेन युरोपेली संघ र पश्चिमा देशहरूसँग नजिकियोस् भन्ने चाहँदैन। किभमाथि संघसँग सम्झौता नगर्न दबाब दिँदै आएको थियो। युक्रेन अमेरिकाको नेतृत्वमा रहेको सैनिक गठबन्धन उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो)को सदस्य बन्न चाहान्छ। त्यसमा रुसको आपत्ति छ। सीमासम्म नेटो आउँदा सुरक्षामा चुनौति पर्ने बताउने गरेको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथिको आक्रमणलाई वैध ठहर्‍याउनका लागि सुरक्षा चुनौतिको विषयमा अघि सारेका छन्। रुसको आपत्तिको कारण नेटोले युक्रेनलाई सदस्यता दिइसकेको छैन। सन् २००८ मै युक्रेनले नेटोको सदस्य बन्न चाहेको थियो।

दोस्रो विश्वयुद्धपछि तत्कालीन सोभियत संघको पश्चिम युरोपमा प्रभाव विस्तार रोक्नका लागि सैनिक संगठन नेटोको गठन गरिएको थियो। त्यसलाई काउन्टर दिनका लागि सोभियत संघले 'वार्सा' नामको सैनिक संगठन निर्माण गरेको थियो। सोभियत संघको विघटनसँगै 'वार्सा' भंग भयो। तर नेटोले वार्सामै रहेका कतिपय देशलाई सदस्यता दिँदै संगठनलाई विस्तार गर्दै आएको छ।

यानुकोभिक शासनबाट अपदस्थ भएको विषयले युक्रेन विभाजनलाई झनै बढायो। पूर्वी भूभागमा पृथकतावादी विद्रोह भयो। रुसले उनीहरूलाई सहयोग गर्‍यो। रुसले क्रिमियामा पहिले सेना पठायो र पछि जनमतसंग्रह गर्दै नियन्त्रणमा लियो।

कृष्णसागर (ब्ल्याक सी) को प्रायद्वीप क्रिमिया सामारिक दृष्टिले महत्वपूर्ण ठाउँमा छ। टर्कीसँग राम्रो सम्बन्ध बनाउन सक्नेले क्रिमियामाथि सिधै पहुँच बनाउन सक्छ। क्रिमियामा नियन्त्रण गर्नेले युरोपमा पेट्रोल वा ग्याँस पठाउने रुसको क्षेत्रलाई सहज रुपमा निगरानी गर्न सक्छ। क्रिमियामाथि रुसको सुरक्षा चासो रहेको थियो। व्यापारिक चासो पनि रहेको छ।

अहिले युक्रेनमाथि अर्को स्वार्थ त्यसको सामरिक महत्त्व हो। यो रुसलाई युरोपसँग जोड्ने महत्त्वपूर्ण ठाउँमा छ। अर्को भनेको त्यसको जनसंख्या र उब्जाउ भूभाग हो। युक्रेन क्षेत्रफलको हिसाबले युरोपको सबैभन्दा ठूलो देश हो र जनसंख्या करिब साढे ४ करोड जति छ। रुसपछि त्यस क्षेत्रमा सबैभन्दा ठूलो जनसंख्या युक्रेनकै हो। रुसले युक्रेन आफ्नो पकडभन्दा बाहिर पनि नजाओस् र व्यापार पनि होस् भन्ने चाहेको छ। युक्रेनको बजारमाथि नियन्त्रण पनि गर्न खोजेको हो। अन्य शक्तिशाली देशहरूको तुलनामा रुसको जनसंख्या कम छ। करिब साढे १४ करोड छ। अर्थशास्त्रमा नोबेल पुरस्कार विजेता पल क्रुगम्यानले २५ करोड जनसंख्याभन्दा कम भएको देशले महाशक्ति बन्नका लागि धेरै मिहिनेत गर्नुपर्ने बताएका थिए। रुसले आफ्नो बजार पनि विस्तार गर्न खोजेको हो।

युक्रेनले रुस र युरोपेली संघलाई सन्तुलन मिलाएर अघि बढ्न सकेको भए धेरै विकास गर्ने सम्भावना रहेको थियो। तर केही रुस परस्त भए भने केही पश्चिमा रहे। तर आन्तरिक रुपमा विभाजित बनेको राजनीति धान्न नसक्दा अहिलेको परिणाम आएको छ। शक्तिशाली छिमेकीले आफ्नो सुरक्षा संवेदनशीलतालाई सानो तथा कमजोर देशभित्र समस्या उत्पन्न गराउन काम भयो। सानो देशहरूले पनि ठूलोका सुरक्षा चासोलाई ध्यान दिनुपर्ने हुन्छ। अहिले रुसले दुईवटा प्रान्तलाई स्वतन्त्र राज्यको मान्यता दियो त्यसको आशय युक्रेन हाम्रो नियन्त्रणमा आएन भने दुई क्षेत्रलाई बफर जोन बनाउन सकिन्छ भन्ने देखिन्छ। आफ्नो सुरक्षामा समस्या नहोस् र आफ्नो सप्लाइ लाइन रहेको क्षेत्रमा प्रभाव नहोस् भन्ने देखिन्छ।

शक्तिशाली देशको सुरक्षा चासो हुन्छ। युक्रेनमा पनि आर्थिक र सामारिक स्वार्थ होला। तर रुसको चाहना पूरा गर्नका लागि युक्रेनमाथि जे गरेको छ त्यो ठिक हो भन्ने होइन। युक्रेनको सार्वभौमिकता र अखण्डताको सम्मान गर्नुपर्छ। अहिलेको विवादले जातीय विभाजनले जब देशको राजनीतिलाई विभाजित गर्छ, त्यसले द्विपक्षीयदेखि अन्तर्राष्ट्रिय सम्बन्धलाई समेत प्रभावित गर्छ भनेर देखाउँछ।

युक्रेनसँगको शान्तिवार्ता विफल भएपछि रुसले आक्रमण तीव्र पारेको छ। रुसी सेनाले युक्रेनको राजधानी किभ पुग्न करिब ६५ किलोमिटर परसम्मै सैन्य गाडीहरूसहित फौज खडा गरेका छन्। ती सैनिकहरू हातहतियारसहित किभतर्फ गइरहेका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

स्याटेलाइट तस्बिरहरूमा किभतर्फ अघि बढ्दै गरेको रुसी बख्तरबन्द गाडीको लामो लस्कर देखिन्छ। जसका कारण रुसी आक्रमण थप भयानक हुने अनुमान गरिएको छ। अमेरिकी कम्पनी म्याक्सर टेक्नोलोजीले सार्वजनिक गरेको स्याटेलाइट तस्बिरमा रुसी सेना किभदेखि ६५ किलोमिटर टाढासम्म देखिएका हुन्। त्यहाँ उनीहरूले सैन्य फौज नै खडा गरेको जनाइएको छ।

यस्तै उनीहरूले युक्रेनको सीमा नजिकै बेलारुसको दक्षिणी सीमा क्षेत्रमा पनि थप सैन्य फौज, युद्ध सामग्री तथा हेलिकोप्टर तयारी अवस्थामा राखेका छन्। ती क्षेत्रमा सोमबार रातभर रुसी सेनाले आक्रमण गरेका अलजजिराले जनाएको छ। त्यसका साथै युक्रेनका अन्य सहरहरूमा पनि रुसले आक्रमण बढाएको छ। ठूलो जनसंख्या भएका सहरहरूमा रुसले खाना, पानी र अत्यावश्यक सामग्री आपूर्ति रोक्ने नीति अख्तियार गरेको विवरणहरू सार्वजनिक भएका छन्।

रुसले युक्रेनमा आक्रमण सुरु गरेयता करिब ६ लाख युक्रेनी भागेर छिमेकी देश पुगेका छन्। रुसी आक्रमणका कारण युक्रेनभर गैरसैनिकहरूको ज्यान गइरहेको जनाइएको छ। आक्रमणका कारण १४ बालबालिकासहित करिब ३ सय ५२ जनाको



मृत्यु भएको पुष्टि भइसकेको छ। रुसतर्फ व्यापक क्षति पुर्‍याएको युक्रेनी सेनाको दाबी छ। उसले कम्तीमा ७ हजार रुसी सेना, करिब २ सय ट्यांक तथा दर्जनौं विमान र हेलिकोप्टर ध्वस्त पारेको दाबी गरेको छ। यद्यपि, यसको पुष्टि हुन सकेको छैन्।

युक्रेनमा रुसले आक्रमण सुरु गर्दा कतिपयले यो केही दिनमा टुंगिने अनुमान गरेका थिए। अमेरिकी गुप्तचर निकायले रुसले तीन दिनमा युक्रेनमाथि नियन्त्रण जमाउने आकलन गरेको थियो। तर आक्रमणको छैटौं दिनसम्म पनि युक्रेन रुससामु झुकेको छैन।

पश्चिमा देशहरूले उसलाई हातहतियार तथा गोलीगट्ठा सहयोग गरेका छन् भने सर्वसाधारणहरू पनि युद्धमा होमिएका छन्। तर पछिल्लो समय थप रुसी फौज किभतर्फ बढ्न थालेपछि भने स्थिति झन् बिग्रेको छ। रुसले किभमाथि नियन्त्रण कायम गर्न जुनसुकै कदम चाल्न सक्ने देखिएको छ। युक्रेनका सेना प्रमुखले 'किभ र अन्य प्रमुख सहर कब्जा गर्न रुसी सेना संगठित बनेको' बताएका छन्।

रुसी रक्षा मन्त्रालयले पनि आफ्नो सेनाले युक्रेनको राजधानी किभलाई लक्षित गर्दै आक्रमण गर्न लागेको जनाएको छ। मन्त्रालयले मंगलबार एक वक्तव्य जारी गर्दै रुसी फौजले किभस्थित युक्रेनी सुरक्षा सेवाका अखडा तथा प्राविधिक केन्द्रहरूमा आक्रमण गर्ने तयारी गरिरहेको जनाएको हो। 'रुसलाई भड्काउन प्रयोग भइरहेका युक्रेनी नागरिक तथा किभका बासिन्दाहरूलाई हामी घर छाडेर जान आह्वान गर्छौं,' वक्तव्यमा उल्लेख छ। रुसविरोध 'सूचना युद्ध' रोक्न आक्रमण गर्नुपरेको रुसी अधिकारीहरूको दाबी छ।

युक्रेनी रक्षामन्त्रीले भने रुसले सम्भावित 'मनोवैज्ञानिक आक्रमण' गर्न लागेको भन्दै सजग गराएका छन्। रुसले सञ्चार सञ्जाल अवरुद्ध पार्न लागेको उनको दाबी छ।

'त्यसपछि युक्रेनी सेना तथा राजनीतिक नेतृत्वले आत्मसमर्पणका लागि सहमति जनाएका जस्ता झूटा समाचार व्यापक रूपमा फैलाइनेछ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'त्यस्ता झूटा समाचारलाई स्थापित गर्न नक्कली भिडियो वा हस्ताक्षर गरिएका जाली कागज सार्वजनिक गरिने सम्भावना छ।'

रुसी आक्रमणको विरोधमा हजारौं रुसी नागरिक सडकमा उत्रिएका एउटा स्वतन्त्र मानव अधिकार समूहले जनाएको छ। राजधानी मस्को, सेन्ट पिटर्सबर्ग र अन्य मुख्य सहरमा भएका प्रदर्शनका क्रममा १ हजार ७ सयभन्दा बढी पक्राउ परेका जनाइएको छ।

यसैबीच, अमेरिकी सरकारले न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि कार्यरत १२ जना रुसी कूटनीतिज्ञलाई राष्ट्रिय सुरक्षाको कारण देखाउँदै देशनिकाला गरिएको जनाएको छ। राष्ट्रसंघका लागि अमेरिकी नियोगले ती कूटनीतिज्ञले 'पदको दुरुपयोग गर्दै जासुसी गरेको' दाबी गरेको छ।

एक प्रवक्ताका अनुसार ती रुसी कूटनीतिज्ञलाई देशनिकाला गर्नेबारे केही साताअघि देखि काम भइरहेको थियो। राष्ट्रसंघका लागि रुसी राजदूतले अमेरिकी कदमबाट राष्ट्रसंघीय सिद्धान्तहरूको गम्भीर उल्लंघन भएको बताएका छन्।

७ दिनअघि युक्रेन प्रवेश गरेका रुसी सैनिकहरूले राजधानी किभ कब्जा गर्नका लागि त्यसतर्फ लम्किँदै गरेको बताइएको छ। राजधानी किभ पुग्न ६५ किलोमिटर परसम्म मात्रै उनीहरूले फौज खडा गरेका छन्।

साथै राजधानी कब्जा गर्नका लागि उनीहरूले हमला गर्नसक्ने अन्तर्राष्ट्रिय मिडियाले जनाएका छन्। रुसी सैनिकहरूको समूहका स्याटेलाइट तस्बिरहरू मंगलबार सार्वजनिक गरिएको छ। जहाँ उनीहरू सोमबार आधुनिक हातहतियारसहित किभदेखि २१ किलोमिटरसम्म पुगेका थिए।

युक्रेनका सेना प्रमुखले फेसबुकमा लेखेका छन्, रुसी सेनाले पछिल्लो २४ घण्टायता किभ र अन्य प्रमुख सहर कब्जा गर्नका लागि रुसी सेना संगठित बनेको छ।

अमेरिकी कम्पनी म्याक्सर टेक्नोलोजीले स्याटेलाइट तस्बिरमा रुसी सेना किभदेखि ६५ किलोमिटर टाढा देखिएको जनाएको हो। त्यहाँ उनीहरूले सैन्य फौज नै खडा गरेको बताइएको छ।

यस्तै तस्बिहरूहरूमा देखिए अनुसार उनीहरूले युक्रेनको सीमा नजिकै बेलारुसको दक्षिणी सीमा क्षेत्रमा थप सैन्य फौज र युद्ध हेलिकप्टर तयार पारेका छन्। अलजजिराका अनुसार रुसी सैनिकले रातभर आक्रमण गरेको आवाज सुनिएको जनाएको छ। जुन किभका बासिन्दाका लागि कठिन दिनको रुपमा टिप्पणी गरिएको छ।

साथै किभका अधिकांश बासिन्दाहरू सेल्टरमा बस्न खोजेको बताइन्छ। सोमबार भएको पहिलो चरणको वार्ता सकिएपछि भने विस्फोट झन् तीव्र बनेको बताइएको छ। रुसले युक्रेनमाथि हमला गर्न थालेको ६ दिनयता मात्रै ५ लाख भन्दा धेरै मानिस भागेर छिमेकी देश लगायत सुरक्षित स्थानतर्फ गएका छन्। यस क्रममा १४ बालबालिकासहित ३५२ सर्वसाधारणहरू मारिएका छन्। साथै ७० जना युक्रेनका सैनिक मारिएको संयुक्त राष्ट्रसंघले जनाएको





छ। रुस भने अन्तर्राष्ट्रिय समुदायको विरोधका बावजुद युक्रेनमाथि निरन्तर हमला गर्दैआएको छ। सोमबार दुई देशका प्रतिनिधिहरू वार्तामा बसे पनि रुसले आक्रमण रोकेको छैन।

युक्रेनमा रुसी सैनिक प्रवेश गरेयता बालबालिकासहित ३ सय ५२ आम नागरिक मारिए। ७० जना युक्रेनी सैनिक मारिए।

रुसी सैनिक प्रवेश गरेयता युक्रेनबाट ५ लाखभन्दा बढी मानिसहरू भागेर अन्य गएका छन्। कम्तीमा ३ सय ५२ सर्वसाधारण मारिएका छन्। तीमध्ये १४ जना बालबालिकाहरू पनि छन्।

यस्तै ७० जना युक्रेनी सैनिकहरू मारिएको बताइएको छ। '५ लाखभन्दा धेरै शरणार्थीहरू युक्रेनबाट भागेर छिमेकी देशतर्फ गएका छन्,' शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त फिलिप्पो ग्रान्डीले भनेकी छन्।

संयुक्त राष्ट्रसंघका अनुसार रुसी सेना युक्रेनमा प्रवेश गरेदेखि ती मानिसहरू भागेर सुरक्षित स्थानतर्फ गएका हुन्। यसबीचमा मृत्यु हुनेको संख्या ३ सय ५२ पुगेको छ।

पोल्याण्ड, हंगेरी, स्लोभाकिया, रोमानिया र मोल्दोभाका सीमा क्षेत्रमा रहेका प्रवेश नाकामा अहिले पनि सर्वसाधारणहरू चढेका कार तथा बसको लामो जाम नै परेको अन्तर्राष्ट्रिय मिडियाले जनाएका छन्। तर पैदल यात्रा गरेर सीमा पार गर्नेहरूको संख्या पनि ठूलो छ।

संयुक्त राष्ट्रसंघका अनुसार युक्रेनमा आक्रमण जारी रहँदा पोल्याण्डमा प्रवेश गर्नेको संख्या २ लाख ८१ हजारभन्दा धेरै छ। हंगेरीमा प्रवेश गर्ने ८५ हजार छन्। मोल्दोभामा जाने ३६ हजार भन्दा बढी छन् भने ३२ हजारभन्दा धेरै मानिसहरू रोमानिया र स्लोभाकियामा प्रवेश गर्नेहरू ३० हजारभन्दा धेरै छन्। तर अरु थुप्रै मानिसहरू कुन देशमा गए भन्ने पहिचान भएको छैन।

कतिपय अफ्रिकी मुलुकमा पनि युक्रेनबाट मानिसहरू प्रवेश गरेको बताइएको छ। यस्तै अफ्रिकाका केही देशबाट युक्रेनमा अध्ययनका लागि गएका आफ्ना नागरिकहरू फिर्ता हुने क्रम जारी छ।

यसैबीच युक्रेनका अधिकारीहरूका अनुसार कम्तीमा ७० जना सुरक्षाकर्मीहरू मारिएका छन्। रुस र युक्रेनबीच वार्ता जारी रहँदा रुसी सैनिकले युक्रेनमाथि हमला गरेका हुन्। जसलाई लिएर युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसको युद्ध अपराध भन्दै टिप्पणी गरेका छन्।

पश्चिमा देशहरूले लगाएका कडा प्रतिबन्धहरूले रुसी अर्थतन्त्र प्रभावित हुन थालेको छ। अमेरिकी डलरको तुलनामा रुसी मुद्रा रुबलको मूल्यमा करिब ४० प्रतिशतले गिरावट आएको बीबीसीले जनाएको छ। त्यस्तै, युरोको मूल्यमा एक प्रतिशतले गिरावट आएको छ भने तेलको मूल्य वृद्धि भएको छ।

रुसका प्रमुख सहरहरूमा बैंक तथा वित्तीय संस्थाका एटीएम बाहिर मानिसहरूका ठूला लाइन देखिएका छन्। रुसी सरकारले सीमा तोक्न सक्ने आशंकापछि मानिसहरू नगद निकाल्नका लागि एटीएम बुथमा जम्मा भएका हुन्। युरोपेली संघ (ईयू) को प्रतिबन्धपछि रुसी स्वामित्वका बैंकहरूले युरोपमा काम गर्न बन्द गरिसकेको जनाइएको छ। रुसको केन्द्रीय बैंकमाथि प्रतिबन्ध लगाइएका कारण उसले करिब ६ सय ३० अर्ब डलर विदेशी मुद्रा सञ्चिति प्रयोग गर्न पाउँदैन। ऊर्जा क्षेत्रबाट रुसले युरोपेली संघका सदस्य राष्ट्रहरूबाट राम्रो आम्दानी गर्छ। तर युक्रेनमाथि रुसी अतिक्रमणपछि ईयूले रुसमाथि एकपछि अर्को प्रतिबन्ध लगाएको छ।

ईयू नेताहरूले रुसी केन्द्रीय बैंक र आफ्नो हवाई क्षेत्रमा रुसी विमानको उडानमाथि प्रतिबन्ध लगाएका छन्। त्यसका साथै हातहतियार किन्ने र युक्रेनलाई पठाउने निर्णयसमेत गरेका बीबीसीले जनाएको छ। यद्यपि, ईयूले हालसम्म ऊर्जा आपूर्ति भने रोकिसकेको छैन।

अधिकांश युरोपेली देशमा ऊर्जाको मूल्यमा व्यापक वृद्धि भएको छ। त्यसमाथि रुसले आपूर्ति कम गर्नासाथ महँगीले आकाश छुने निश्चित छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले ऊर्जा आपूर्ति रोकेर वा घटाएर ईयूलाई जवाफ दिन सक्छन्।

अर्थतन्त्रमा असर पर्न सक्ने देखिएपछि रुसको केन्द्रीय बैंकले सबै विदेशी कानुनी संस्था तथा व्यक्तिलाई सेयर तथा रुसमा गरिएको लगानी बिक्री गर्न रोक लगाएको छ। बैंकले विनिमय तथा मुद्रा बजारबाहेक मस्को सेयर बजार खोल्ने वा नखोल्नेबारे अझै निर्णय गरिसकेको छैन। बेलायतस्थित बहुराष्ट्रिय कम्पनी बीपीले ठूलो रुसी तेल कम्पनी रोज्नेफ्टमा रहेको आफ्नो करिब २० प्रतिशत सेयर अन्यत्र लैजान लागेको जनाएको छ। तर रुसको केन्द्रीय बैंकले सेयर बिक्रीका लागि रोक लगाएका कारण तत्काल यो सम्भव नहुने देखिएको छ।

बीपीका प्रमुख कार्यकारी बेर्नार्ड लुनीले रोज्नेफ्टको बोर्ड निर्देशकहरूको समूहबाट तत्काल लागू हुने गरी राजीनामा दिएका बीबीसीले जनाएको छ। युक्रेनमाथि रुसले आक्रमण गरेपछि बीपीले आफ्नो सम्बन्धबारे सोच्न बाध्य भएको जनाएको हो।

वैश्विक मामिलामा आफ्नो स्पष्ट धारणा राख्न भारत एकपटक फेरि चुकेको छ। रुसले युक्रेनमाथि गरेको आक्रमणको चौतर्फी निन्दा भइरहेका बेला आफूलाई उदाउँदो शक्तिका रूपमा हेरेको भारतले मौनता साँधेको छ।

अन्तर्राष्ट्रिय जगतमा भारतले आफूलाई शक्ति राष्ट्रको रुपमा उभ्याउन प्रयत्नशील छ। संयुक्त राष्ट्रको सुरक्षा परिषद्मा स्थायी सदस्य बन्न बन्न लालयित छ। तर, वैश्विक रुपमा देखिएको मुद्दा जहाँ आफूलाई शक्तिशाली ठान्ने देशले ठोस रूपमा आफ्नो धारणा दिन सक्नुपर्छ, त्यहाँ भारत चुक्दै छ।

पछिल्ला केही महिनामै भारतका लागि यो दोस्रो वैश्विक घटना हो, जहाँ भारत स्पष्ट रूपमा बोल्नलाई चुकेको छ। गत अगस्ट महिनामा हतियारको बलमा तालिवानले अफगानिस्तानलाई आफ्नो नियन्त्रणमा लिँदा पनि भारतले ठोस प्रतिक्रिया जनाउन सकेको थिएन। अगस्ट १५ मा भारतले आफ्नो स्वतन्त्रता दिवस मनाइरहेकै बेला अफगानिस्तानमा विद्रोही शक्ति तालिवानले आफ्नो सैन्य बलमा पूरै देशलाई कब्जामा लिएको थियो। भारतको मित्र मानिएका राष्ट्रपति अशरफ गनी देश छोड्र भाग्नु परेको थियो। दक्षिण एसियामा भएको त्यत्रो ठूलो राजनीतिक घटनाक्रममा भारतका तर्फबाट कुनै प्रभावकारी भूमिका त खेलिएन नै, घटनालाई नजिकबाट नियालिरहेको प्रतिक्रियामै सीमित रह्यो।

अहिले भारतको मित्र मानिएको रुसले आफूभन्दा शक्ति र भूगोलमा धेरै सानो देश युक्रेनमाथि आक्रमण गरेको ७ दिन बितिसक्दा पनि विदेश मन्त्रालयले त्यसमाथि प्रतिक्रिया दिएको छैन। जबकि भारतसँगको मित्रवत सम्बन्धमै रहेको युक्रेनले भारतमाथि ठूलो भरोसा राख्दै सार्वजनिक रुपमै सहयोगकै अपील गरेको छ। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शनिबार बेलुका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई टेलिफोन गरेर सहयोगको अपिल गरेका छन्।

राजधानी किभमा रूसी सेनाको प्रवेश चेर्नोबिल न्युक्लियर प्लान्ट कब्जा। एक लाख युक्रेनीले देश छाडिसकेको राष्ट्रसंघको अनुमान।

किभ – मसिम पानी परिरहेकाले शुक्रबार बिहान अमेरिकी राजधानी वासिङ्टन डीसीमा चिसो थियो। राष्ट्रपति निवास ह्वाइट हाउसअघिको माहोल भने युक्रेनी पक्षधरको प्रदर्शनले गर्माएको थियो। नीलो र पहेंलो रंगको राष्ट्रिय झन्डासहित उपस्थित उनीहरूले युक्रेन र शान्तिको पक्षमा प्रार्थना गरिदिन आग्रह गरिरहेका थिए।

युक्रेनमा रहेका परिवारका सदस्यको जीवनरक्षाको याचना गर्दै शुक्रबार सेन्ट्रल लण्डनको डाउनिङ स्ट्रेट गेट अगाडि प्रदर्शनका क्रममा भावविह्वल युवती। युक्रेनमाथि रुसले थालेको सैन्य कारबाहीको विरोधमा विभिन्न मुलुकमा विरोध प्रदर्शन भइरहेका छन्।

राष्ट्रगान गाएपछि एक युवतीले बीबीसीसँग भनिन्, 'म मेरो हजुरआमालाई जीवित देख्न चाहन्छु, उहाँहरूको मृत्यु भएको खबर सुन्न चाहन्नँ।' बिहान ५ बजे युक्रेनमा रहेकी हजुरआमाको आर्तनाद फोनमा सुनेको उनले बताएकी छन्।

युक्रेनका विभिन्न स्थानमा बिहीबारदेखि सैन्य कारबाही थालेपछि रुसको आलोचना मात्रै बढेको छैन, विभिन्न मुलुकमा विरोध प्रदर्शन भइरहेका छन्। प्रदर्शन रुसभित्रै पनि सुरु भएको छ। यस्ता प्रदर्शनहरूमा हालसम्म ७ सयभन्दा बढी पक्राउ परेको बीबीसीले लेखेको छ।

अमेरिका र युरोपेली मुलुकले रुसी कदमको कडा आलोचना गर्दै विभिन्न प्रतिबन्धको घोषणा नै गरिसकेका छन्। चौतर्फी आलोचना बढेपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन भने आफ्नो पक्षमा समर्थन जुटाउने प्रयासमा लागेका छन्। त्यसका लागि उनले विभिन्न मुलुकका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखसँगको संवादलाई तीव्रता दिएका हुन्। शुक्रबार चिनियाँ राष्ट्रपति सी चिनफिङसँग पुटिनको फोनवार्ता भएको छ।

चिनफिङले चीन सधैं रुसको साथमा रहेको आश्वस्त पार्दै तनाव घटाउन कूटनीतिक वार्तामार्फत नै प्रयास गर्न जोड दिएको चिनियाँ सरकारी टेलिभिजन सीसीटीभीले जनाएको छ। चीन र रुसको सम्बन्ध छिमेकी मात्र नभई कूटनीतिक र आर्थिक साझेदारीका हिसाबमा पनि बलियो रहँदै आएको छ। युक्रेनी तनावलाई लिएर पनि रुसले चीनसँग बलियो साथ खोजेको छ। अहिलेसम्म पनि चीनले युक्रेनमाथि रुसले थालेको कारबाहीलाई 'आक्रमण' मानेको छैन।

शुक्रबार बिहान मात्रै नियमित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले चीनले सबै मुलुकको क्षेत्रीय अखण्डताको सम्मान गर्ने उल्लेख गर्दै मुलुकको सुरक्षा मामिलालाई लिएर रुसको चिन्तालाई पनि राम्रोसँग बुझेको बताएका थिए। 'अझै पनि चीन युक्रेनलाई एक वैध राज्यका रूपमा मान्छ। हाल देखिएको संकटलाई राजनीतिक रूपमा समाधान गर्ने बाटो अझै बन्द भइसकेको छैन,' वेनबिनले भने। उनले कसरी वार्ताको वातावरण बन्छ भन्नेबारे भने बताएनन्। युक्रेनका डोनेत्स्क र लुहान्स्कलाई स्वतन्त्र राज्यको दर्जा दिने रुसको घोषणाका बारेमा पनि उनी खुल्न चाहेनन्।

पुटिनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग आक्रमणको पहिलो दिन बिहीबार नै संवाद गरेका थिए। त्यस क्रममा पुटिनले अमेरिका र नाटोले युक्रेनमा सैन्य उपस्थिति बढाएका कारण कारबाही अगाडि बढाएको प्रस्ट पारेका थिए। पुटिनको स्पष्टीकरणमा मोदीले सन्तोषजनक प्रतिक्रिया दिएको रुसी राष्ट्रपति कार्यालयको दाबी छ। कार्यालयका अनुसार पुटिनसँगको कुराकानीमा मोदीले युक्रेनमा रहेका भारतीय नागरिकको सुरक्षाको प्रत्याभूति खोजेका थिए। जवाफमा पुटिनले त्यसका लागि आवश्यक निर्देशन दिने प्रतिबद्धतासमेत जनाएको बताएको छ।

प्रेरक

## माटोको प्रेरणाले सहादत



भारतमा स्वतन्त्रता संग्रामको आगो दन्किरहेको थियो। जलियनवाला बागमा जनरल डायरले हजारौं निर्दोष भारतीयमाथि गोली बर्साएका थिए। निर्दोष सर्वसाधारणको रगतले धरती पूरै लतपतिएको थियो। त्यो संग्रामलाई एक बालकले नजिकबाट नियालिरहेका थिए। उनी अंग्रेजको कुनै पनि अत्याचार सहन सक्दैनथे, हरहमेसा स्वतन्त्रताका बारेमा सोचिरहेका हुन्थे।

जलियनवाला बागमा नरसंहार भएको अर्को दिन भगत सिंह घरबाट स्कुल हिँडे तर गएनन्। उनी सिधै जलियनवाला बागमा पुगे। सहिदको रगतले रातै शव देखेपछि भगत सिंह थचक्क बसे। एकै छिनमा एउटा सिसीमा रगतले लतपतिएको माटो भर्न थाले। त्यो सिसी गोजीमा राखेपछि उनी घन्टौं त्यहाँ बसेर के के सोचिरहे। जब ध्यान भंग भयो साँझ परिसकेको थियो। स्कुल छुट्टी भइसकेको थियो। घर ढिला पुगेपछि दिदीले सोधिन्- बाबु तिमी किन यति ढिला घर आएको ? उनले आफू स्कुल नै नगएको बताए। म त जलियनवाला बागमा गएको थिएँ भन्दै त्यो सिसी दिदीलाई देखाए।

सिसी देखेपछि दिदीले प्रश्न गरिन्- त्यो सिसीमा के छ बाबु, रातो रातो देखिन्छ। यो देशका सहिदको रगतले भिजेको माटो हो दिदी। यो किन ल्याएको त ? यसले के हुन्छ ? दिदीले प्रश्न गरिन्। दिदी यसबाट मलाई देशका लागि लड्ने प्रेरणा मिल्छ। अन्ततः त्यही प्रेरणाको परिणामस्वरुप उनी हाँसी हाँसी मातृभूमिका लागि सहिद भएका थिए।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। आम्दानीका विभिन्न स्रोत देखिए पनि सोचेको फाइदा नहुन सक्छ। नियमित काममा लगानीतर्फ लागत बढ्नेछ। आफ्नो लाभांशमाथि अरूले दाबी-विरोध गर्न सक्छन्। ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला। पछिका लागि गरिएको लगानीले भने फाइदा नै दिनेछ।

### वृष

मिहिनेतको फल प्राप्त हुनाले काममा उत्साह जाग्नेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। प्रयत्न गर्दा महत्त्वपूर्ण वस्तु लाभ होला। सहयोगीहरूले हिम्मत दिलाउनेछन्। प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ।

### मिथुन

कामको मेसो नमिल्दा पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। लक्ष्यमा पुग्न समय लाग्नेछ। मेहनतको फल अरूलाई सुम्पनुपर्ने हुन सक्छ।

### कर्कट

अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने हुन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ। गोपनीयता बाहिरिनाले पनि केही समस्या आइपर्ला। काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला। आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ। कामको चाप बढ्नेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। चिन्ता बढ्नेछ।

### सिंह

समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। विगतका कमजोरीमा क्रमशः सुधार आउनेछ। लगनशीलताले उपलब्धि दिलाउनेछ। काम पूरा नभए पनि लाभ हुनेछ। व्यापार-व्यवसायमा पनि सामान्य फाइदै हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

### कन्या

चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा पनि सफलता नै दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ। प्रतिस्पर्धाको दौडमा जित हासिल हुनेछ।

### तुला

परिस्थिति सोचेजस्तो नहुनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। अवसर प्राप्त भए पनि मेसो नमिल्नाले काममा ढिलासुस्ती हुनेछ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। संघर्षले कर्मयोग अघि बढ्नेछ। अध्ययनमा धेरै समय जुट्न नसकिएला। महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला। परिस्थितिले स्वतन्त्र काममा समेत बाधा पुर्याउन सक्छ।

### वृश्चिक

अरूको फाइदाका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ। छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। आवेशको व्यवहार र असमझदारीले आफन्तजन टाढिन सक्छन्। आर्थिक समस्याको समाधान गर्न नसक्दा चिन्ता बढ्नेछ।

### धनु

पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। आस मारेको नतिजा समेत सकारात्मक हुन सक्छ।

### मकर

परिस्थितिवश आफ्नै वचनबद्धता पालना गर्न नसकिएला। धेरै बोल्दा समस्या आउन सक्छ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। अरूको भरपर्दा काम प्रभावकारी नहुन सक्छ। हिसाबकिताबमा सजग रहनुहोला। सानोतिनो समस्या आए पनि नियमित काम बन्नेछ। आलोचकहरूलाई व्यवहारले समेट्नुहोला। अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला।

### कुम्भ

पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। मिहिनेतले मानसम्मान दिलाउनेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। पहिलेका कमजोरी सच्याउने अवसर पनि प्राप्त हुनेछ।

### मीन

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। सुरक्षाका लागि फाइदाका वस्तु त्याग्नुपर्ला। कर्जामार्फत धन र आवश्यकताका वस्तु जुटाउन सकिनेछ। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला। आफ्नो मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। केही दौडधुप गर्नुपरे पनि कामको अवसर प्राप्त हुनेछ। सरसापट र सहयोगमा केही नगद बाहिरिने देखिन्छ।

# समाचार

## दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं। चितवन, राप्ती नागरपालिका-४ डडुवास्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट सोही ठाउँ बस्ने ३४ वर्षीय केदार चौलागाईको सोमबार राति मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो। ठक्कर दिने सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ।

सिन्धुली, मरिण गाउँपालिका-६ भुताहास्थित सडकमा ना.५१ प ७६१५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार रौतहट घर भएका २५ वर्षीय सविन यादवको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार रौतहट घर भएका ४२ वर्षीय राकेश यादवको मोडेल अस्पताल लालगढ धनुषामा उपचार भइरहेको छ।

रसुवा, उत्तरगया गाउँपालिका-२ नयाँ बस्तीस्थित सडकमा बा.५ ख १८८१ नम्बरको गाडीबाट खसेर गाडीको चक्काले किच्दा सोही ठाउँ बस्ने ५५ वर्षीय मंगले तामाङको मंगलबार दिउँसो घटनास्थलमै मृत्यु भएको छ। गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। यस्तै मायादेबी गाउँपालिका-५ गुरबनियास्थित सडकमा लु.८३ प ६५२८ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सोमबार बिहान दुर्घटना हुँदा मोटरसाइकलमा सवार लुम्बिनी सांस्कृतिक नगरपालिका-६ तेनुहवा बस्ने २० वर्षीय हबिब अहमद खानको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको भिम अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा गम्भीर घाइते भएका अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं, बुढानीलकण्ठ नगरपालिका-५ दुलाल गाउँस्थित सडक किनारामा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ३५ वर्षीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन्। महोत्तरी, औरही नगरपालिका-४ कठुधारस्थित सडकमा गौशाला नगरपालिका-४ रजखोर बस्ने ५० वर्षीय जोगिन्दर साह सोमबार मृत अवस्थामा फेला परेका छन्।

झापा, झापा गाउँपालिका-२ सडकबारीस्थित सडकमा पानी जमेको कलभटमा हाल नाम, थर, वतन नखुलेकी अन्दाजी ६५ वर्षीया महिला सोमबार मृत अवस्थामा फेला परेकी छिन्। सुनसरी, धरान उपमहानगरपालिका-१८ बुद्धचोकस्थित न्यू कान्तिपुर होटल एण्ड लजमा गत आइतबार देखि बस्दै आएकी पाँचथर मिक्लाजुङ गाउँपालिका-१ सारङ डाँडा बस्ने ३९ वर्षीया सुमित्रा तामाङको शव मंगलबार फेला परेको छ। यसैगरी सुनसरी, धरान उपमहानगरपालिका-४ भेडेटारस्थित कोशी राजमार्गको नालीमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ५० वर्षीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन्।

काठमाडौं महानगरपालिका-१५ स्वयम्भू कारखाना चोकस्थित डेरा गरी बस्ने भक्तपुर सूर्यविनायक नगरपालिका-९ घर भएका ४० वर्षीय कुमार तामाङ सुतेकै ठाउँमा आइतबार मृत अवस्थामा फेला परेका छन्। बैतडी, दोगडाकेदार गाउँपालिका-१ रिम गोरङ बस्ने ४५ वर्षीय गणेश बिष्ट सोही गाउँपालिका चौकाधार भन्ने स्थानमा आइतबार मृत अवस्थामा फेला परेका छन्। गत शुक्रबार घरबाट दोगडाकेदार गाउँपालिका-१ को वडा कार्यालयमा काम विशेषले गएकोमा घर नफर्किएपछि खोजी गर्नेक्रममा उक्त स्थानमा उनको शव फेला परेको हो। रुपन्देही, सैनामैना नगरपालिका-३ स्थित दुर्गा मन्दिरमा हाल नाम, थर, वतन नखुलेका करिब ३६ वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन्।

यस्तै काठमाडौं महानगरपालिका-२० मरुतिलाछेस्थित पाटीमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन्। कपिलवस्तु, शिवराज नगरपालिका-६ गड्गौडास्थित कपिलवस्तु इँटा भट्टामा विगत करिब ४ महिनादेखि काम गरी बस्दै आएका ४६ वर्षीय भगवान दास सुतेकै स्थानमा मृत अवस्थामा फेला परेका छन्। बेलुकी खाना खाएर श्रीमती र २ वटा छोराहरूसँगै सुतेकोमा सोमबार बिहान मृत अवस्थामा फेला परेका हुन्। नवलपरासी (पश्चिम), सुनवल नगरपालिका-६ बिसासयस्थित बिसासय खोलामा नवलपरासी नगरपालिका-१ प्रगातिटोल बस्ने ८७ वर्षीय कृष्ण बहादुर थापा सोमबार मृत अवस्थामा फेला परेका छन्।

## दुर्घटनामा ९ जनाको मृत्यु

काठमाडौं। झापा, धनकुटा, पाल्पा, पर्वत, दाङ, मोरङ र रूपन्देहीका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सावरी दुर्घटनामा परी ९ जनाको मृत्यु भएको छ।

झापा, अर्जुनधारा नगरपालिका-९ स्थित भित्री सडकमा ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ५८ वर्षीय राजेन्द्र थापाको आइतबार साँझ मृत्यु भएको छ। उनको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

धनकुटा, पाख्रिवास नगरपालिका-६ फलाटेस्थित भित्री सडकमा दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही ठाउँ बस्ने ५२ वर्षीय बम बहादुर राईको मृत्यु भएको छ। उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।

पाल्पा, रम्भा गाउँपालिका-१ फडीयार खोलास्थित सडकमा दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही गाउँपालिका-१ असर्दी बस्ने १७ वर्षीय सन्दिप न्यौपानेको मृत्यु भएको छ। उनको लुम्बिनी मेडिकल कलेज पाल्पामा उपचारको क्रममा मृत्यु भएको हो। पर्वत, कुश्मा नगरपालिका-८ परादीस्थित सडकमा दुर्घटना हुँदा कारमा सवार पुगलीबजार नगरपालिका-१ बस्ने ४ वर्षीय आरम्भ कोइरालाको मृत्यु भएको छ। उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

दाङ, तुलसीपुर उपमहानगरपालिका-१८ दुधरासस्थित सडकमा दुर्घटना हुँदा मोटरसाइकलमा सवार हाल नाम, थर, वतन नखुलेका पुरूषको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

यसैगरी दाङ, तुलसीपुर उमहानगरपालिका-१८ डाँडागाउँस्थित सडकमा लु.१ च ६२८९ नम्बरको पिकअप र रा.५ प ९०६६ नम्बरको स्कुटर एक आपसमा ठक्कर खाई आइतबार राति दुर्घटना हुँदा स्कुटर चालक सोही उपमहानगपालिका-१७ फोर्टीनाईन चोक बस्ने २५ वर्षीय तारा बहादुर केसीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचारको क्रममा मृत्यु भएको हो। पिकअप गाडीका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यसैगरी दाङ, तुलसीपुर उपमहानगरपालिका-६ ओमशान्तिहल नजिक रा.५ प ४४९३ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बिद्युतको पोलमा ठोक्किएर आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक सोही उपमहानगरपालिका-६ हात्तिखौवा बस्ने ३० वर्षीय मोहन सुनारको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको राप्ती प्रादेशिक अस्पताल तुलसीपुर हुँदै थप उपचारको लागि मेडिकल कलेज कोहलपुर बाँकेतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

मोरङ, बिराटनगर महानगरपालिका-३ स्थित सडकमा को.१४ प ९४५८ नम्बरको स्कुटर आफै अनियन्त्रित भई बिजुलीको पोलमा आइतबार राति ठक्कर खाँदा स्कुटर चालक बिराटनगर महानगरपालिका-३ डेरा गरी बस्ने सप्तरी घर भएका ३६ वर्षीय हरि भुजेलको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको नोवेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

रूपन्देही, तिलोत्तमा नगरपालिका-१३ स्थित भित्री सडकमा लु.४५ प ९९६४ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-१४ टिकुलिगड बस्ने ४६ वर्षीय ऋषिराम पौडेलको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Paucity = अभाव Although there was no paucity of customers, the restaurant was closed ग्राहकको अभाव नहुँदा नहुँदै पनि चियापसल बन्द भयो।

Quiescent = निष्क्रिय During a great political upheaval, no big party can remain quiescent ठूलो राजनीतिक उतारचढाव भएको बेलामा कुनै पनि ठूला राजनीतिक दलहरू निष्क्रिय रहन सक्दैनन्।

Recalcitrant = लिंढे, अरुले भनेको टेरपुच्छर नलगाउने The parents are very unhappy about the recalcitrant attitude of their child छोराको लिंढे स्वभाव देखेर बाबुआमा ज्यादै दुखित छन्।

Salubrious = स्वस्थ, आरामदायी A valley situated in an altitude of more than 2000 mt. is salubrious even during the month of July and August दुई हजार मिटरमाथि अवस्थित उपत्यका असार र साउनको धुपमै पनि आरामदायी हुन्छ।

Tenuous = दुब्लो, पातलो कमजोर, The present coalition might break any time as it is a tenuous tie कमजोर गठबन्धन भएको हुँदा यो संयुक्त सरकार कुनै पनि बेला ढल्न सक्छ।

Unfettered = बन्धनबाट मुक्त हुनु, The terrible criminals if unfettered might break the jail डरलाग्दा अपराधीहरूलाई जेलमा नै राख्दा पनि बाँधेर नराखेमा जेल फोडी भाग्न सक्छन्।

Veracious = सत्यपूर्ण For having presented a veracious picture of the situtation, he was recommended for that postion वास्तविक परिस्थितिको चित्रण प्रस्तुति गर्न सकेकोले नै त्यो पदको लागि उसलाई सिफारिस गरिएको हो।

Wary = ज्यादै सतर्क, As the enemies approached nearer, the defender grew wary जति जति शत्रुहरू नजिक नजिक आए त्यति नै रक्षकहरू सर्तक भए।

Yoke = जोड्नु, संयुक्त बनाउनु She was yoked to him in marriage against her will तिनलाई उसँगको वैवाहिक सम्बन्धमा उनको इच्छा विपरीत बाँधिएको थियो।

Zany = हाँसो उठ्दो, उरन्ठ्याउलो Everybody laughs at her zany haircut उनको उरन्ठ्याउलो कपालकटाइको ढाँचा देखेर सबै हाँस्छन् )

## Bear बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Bear Something = थेग्नु This lorry can not bear a heavy load यो लरीले धेरै गाह्रो थेग्न सक्दैन।

Bear something =लिनु The leader has to bear the blame if the party lingers पार्टी अलमलमै रहन्छ भने नेताले अपजस लिनु पर्छ।

Bear something = सहनु He took medicine as he could not bear the pain दुखाइ सहन नसकेको कारण उसले औषधी खायो।

Bear something = देख्नु I can not bear any pet in the house घरमा कुनै पनि पाल्तु जनावर म देख्नै सक्दिन।

Bear something = आँट गर्नु How could you bear to eat such a stuff ? तिमीले यस्तो चिज खाने आँट कसरी गर्न सक्यौ ?

Bear something = मिल्नु This joke does not bear repeating यो दोहोऱ्याएर भन्न मिल्ने जोक होइन।

Bear something = गर्नु Modern paints can not bear a comparision with those of middle age's आधुनिक कलालाई मध्यकालीन कलासँग तुलना गर्नै सकिन्न।

Bear something against somebody = कसैको विरुद्ध कुनै कुरा सहनु I can not bear any accusation against him म उसमाथि लगाएको कुनै पनि आरोप सहन सक्तिन।

Bear oneself well as = अनुशासनमा बसी गर्नु He bears himself as soldier when given specific responsibility विशेष जिम्मेवारी पाउँदा ऊ सिपाहीको जस्तो अनुशासनमा बसी काम गर्छ।

## सुडोकु-अंक २५२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३ | | | ४ | | | १ | |
| | | | ७ | | ८ | | | |
| ७ | ८ | | २ | | ३ | | ९ | ५ |
| | ७ | ८ | | | | ९ | ४ | |
| १ | | | | | | | | ६ |
| | ९ | २ | | | | ७ | ३ | |
| ८ | १ | | ९ | | ५ | | २ | ३ |
| | | | ६ | | ४ | | | |
| | ६ | | | ३ | | | ८ | |

## अंक २५० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ८ | १ | ९ | ४ | २ | ७ | ६ | ३ |
| ७ | ४ | ३ | ५ | ८ | ६ | २ | ९ | १ |
| ६ | २ | ९ | ३ | ७ | १ | ८ | ५ | ४ |
| २ | ५ | ६ | ४ | १ | ८ | ९ | ३ | ७ |
| ३ | ९ | ४ | ७ | ६ | ५ | १ | ८ | २ |
| १ | ७ | ८ | २ | ३ | ९ | ६ | ४ | ५ |
| ९ | ३ | ७ | ६ | २ | ४ | ५ | १ | ८ |
| ४ | १ | ५ | ८ | ९ | ७ | ३ | २ | ६ |
| ८ | ६ | २ | १ | ५ | ३ | ४ | ७ | ९ |

# Respected Comrade Kim Jong Un Makes Speech at Ground-breaking Ceremony for Construction of 10 000 Flats in Hwasong Area
















The respected Comrade **Kim Jong Un** made a speech **"Let Us Further Glorify the Golden Age of Capital City Construction by Bringing About a Sea Change in the Hwasong Area"** at the ground-breaking ceremony for the construction of 10 000 flats in the Hwasong area on February 12.

The full text of the speech reads:

Comrades,

Today, filled with fresh vigour and self-confidence, we are holding a meaningful ground-breaking ceremony for building in our capital city a new street for the people, a street symbolic of an era of another transformation.

First of all, I, on behalf of the Central Committee of the Workers' Party of Korea and the government, would like to extend warm congratulations and greetings to the builders of the capital city and the service personnel, who are starting our struggle in the grandiose year of 2022 through this grand ground-breaking ceremony for a project to build 10 000 flats in the Hwasong area true to the decisions adopted at the Fourth Plenary Meeting of the Eighth Central Committee of the Party.

This project, one of the major tasks facing the construction sector this year, is the second of its kind for hitting the long-term goal of housing construction in Pyongyang, which our Party aspires to and which started last year; it is also the first stage of building a new, modern urban district in this area.

The long-term capital city development plan approved by our Party and the government envisages creation in this area, which is near the sacred place of the sun and adjoins September 9 Street, of splendid streets and a new administrative district with flats, numbering well over ten thousand, public buildings and welfare service facilities. This will be done within three years or so.

If the goal of building 50 000 flats in Pyongyang, including that of this gigantic project, is hit with success, our Party will have fulfilled the most important promise it made to the people and the housing problem of the citizens of our capital city will have been solved once and for all.

This is why the Party and the government is forcefully pushing ahead with the construction of 10 000 flats in Pyongyang every year even though the present conditions and circumstances are more difficult than ever before.

Comrades,

We have become able to launch this important and gigantic project in the Hwasong area as planned in the second year of implementing the decisions of the Eighth Congress of the Party entirely thanks to the efforts of the builders and service personnel, who have turned out in Pyongyang's development.

Last year the project to build 10 000 flats in the Songsin and Songhwa area was conducted under arduous conditions, where the country's economic situation was harsh and difficulties piled up.

However, our builders bravely promoted the construction as planned, overcoming all the trials with indomitable will and a strenuous effort, thus building at the eastern gate of Pyongyang a splendid street, lined with high-rise and superhigh-rise apartment houses, in less than one year.

As a result, we can now visualize many citizens of the capital city moving in delight into new houses on the new street in the run-up to the Day of the Sun.

The Fourth Plenary Meeting of the Eighth Party Central Committee made a high appreciation of this.

As there was such a struggle and substantial success, our Party Central Committee could decide on and organize the construction of 10 000 flats of the next stage with confidence, and today we are holding a ground-breaking ceremony, officially proclaiming the start of housing construction in the Hwasong area.

Our Party has no doubt in the least that the elated enthusiasm for labour and aggressive spirit for advancement witnessed last year will be displayed in this year's project and more inspiring and more meaningful successes will be achieved.

Our builders are proud artists and dignified trail-blazers who, possessed of miraculous power, write a new chapter of the history of prosperity and development in the era of the Workers' Party.

As the Party's people-oriented policies have been put into reality wherever the workers of the country's major construction units and service personnel of the People's Army are dispatched, homes where many people will live generation after generation are appearing and monumental creations symbolic of the civilization of the era springing up each and every year.

In the course of a fierce struggle for grand construction, vacillation and inability are overcome, courage and wisdom displayed, backwardness and stagnation eliminated, progress and innovations made, and our state's and people's might for shaping the future increased.

In short, our vigorous advance and development will be proved in practice and all that hampers this, that is, objective and subjective challenges, will be broken to pieces and lose power. And this itself will be a crushing blow to the forces hostile towards us.

This is the very change, revolution and victory we aspire to.

And the masters who stand in the vanguard of this revolution are none other than you, builders.

Our builders are pioneers and dependable vanguard fighters of our era, who conceive morrow though they are living today and bring the beautiful future earlier.

I am convinced that, thanks to our Party's correct policy of construction and to the builders' creative labour, our construction will change and develop into a more advanced and progressive sector, while sustaining its socialist character, the original feature of our people-first architecture, which consistently serves the purpose of promoting the people's wellbeing.

In building apartment houses in the Hwasong area this year, we should push ahead with the grand construction project in a more dynamic and scrupulous way by making the most of the experiences and lessons we learned from the construction of 10 000 flats in the Songsin and Songhwa area.

The grand construction campaign is a gigantic creative effort to bring new entities into existence by concentrating human, material and technical potentialities of the country on it. Therefore, whether it results in complete success or not depends on how it is planned and commanded.

The construction headquarters should, by taking into careful consideration the existing building forces, capacities of building materials production and transport as well as seasonal factors, make a well-thought-out plan for each process of designing and building work, and push ahead with it forcefully.

In construction we should aspire to giving definite precedence to the supply of building materials and ensuring both the quality and speed of construction by enhancing the role of building units and supervision organs.

What is important here is to steadily execute scientific proposals and plans, aimed at developing the construction sector in a prospective way, by eradicating the short-sighted view of laying stress only on immediate building tasks in planning and commanding construction projects.

The grand construction campaign of national importance, including the development of Pyongyang, is far from something to be done in a year or two; it is a long-term undertaking to be continued on an ever higher level even when all our people live in good houses and even after our country has undergone a facelift.

Therefore, there should be no delay or stagnation in whatever is related with our construction sector, typically in consolidating its material and technical foundations in terms of both quality and quantity, in producing various kinds of building materials domestically, in raising the proportion of work done by machines and in introducing advanced methods and architectural technology extensively.

In the whole course of construction such tasks should be reflected in planning, designing, materials supply and standards at every building stage, carried out and reviewed. And innovative initiatives, reasonable technical proposals and audacious endeavours should be actively encouraged and presented.

In this way, when a new street of 10 000 flats is built year after year, not only the appearances of the capital city and further that of the country will be changed but also our construction forces should grow in strength and a new development should be made in the mode of construction.

All in all, with the simultaneous promotion of the work of successfully carrying on the construction of houses and putting our construction sector on a modern basis, we will prepare ourselves to carry on more gigantic and greater construction projects in the future.

Our Party regards as an important and decisive factor that is vital to its success the great enthusiasm, sense of responsibility and sincere efforts of every official and builder towards construction.This is why inspiring slogans are put on, red flags flutter and marches resound at our socialist construction sites.

Novel and moving political work encourages every one to cherish ennobling ideals and beautiful hopes, to feel the honour and pride that their enthusiasm and endeavour has become a source of great strength of their collective, and to get inspiration from other's positive examples and merits. It is a dynamic force peculiar to socialism, which trains ordinary working people into performers of innovations and feats and which works miracles under any conditions.

You should conduct vigorous frontline-style political work so that all the builders can feel the sense of mission and pleasure that they create with their own hands the daily-renewing happiness and development of our times, and so that they can take great pride in bringing a more cultured future earlier through their own efforts.

You should create a hot wind of collective emulation drive for overtaking and learning from one another and give fuller play to your patriotic enthusiasm. By doing so, you can build flourishing socialist living quarters, which are permeated with a great generation's indomitable perseverance and untiring spirit of creation and which are brimming with the people's laughter of happiness, in this very Hwasong area before the eyes of the world.

Comrades,

Today our grand construction front covers not only this construction site of 10 000 flats in the capital city but the whole country.

A large number of construction projects, which have been designed for our great state's prosperity and development and for the people's well-being, are being prepared or under way in large metallurgical bases, chemical industry bases, construction sites of new power plants, tideland reclamation sites, Komdok and Ryonpho areas and rural communities across the country.

Among all the construction projects that will constitute a powerful engine of the comprehensive development of socialist construction, the house construction project in the Hwasong area is the main theatre that should take the lead.

In implementing the Party's policy of construction in a perfect and thoroughgoing way and conducting intense and energetic campaigns in high spirits, the construction units deployed in the Hwasong area should naturally become standard-bearers and models for all other theatres of construction.

I firmly believe that all the builders and service personnel present here, bearing in mind an extraordinary sense of glory and pride in building a new street for the people, will complete with credit the construction project in the Hwasong area as scheduled with redoubled wisdom, enthusiasm and fortitude.

For the great new era of the development of our own style of socialism,

For our Pyongyang, and

To bring earlier the happy day, when our parents, brothers, sisters and children will move into new flats of the dramatically transformed Hwasong area,

Let us all struggle dynamically.

## राष्ट्रवाद...

मात्र निर्णय हुन थाले भने नेपाल र नेपालीको भविष्य के हुन्छ ?

सन् १९३४ मा पर्सियाको नाम बदलेर इरान भन्न थालियो । ब्रिटेन र रसियासँग सन्तुलित सम्बन्ध बनाए, त्यहाँका शाह अर्थात् राजाले । सुरुमा दुवै देशको प्रभाव देखिए पनि सन् १९१७ को अक्टोबर क्रान्तिपछि रसियाले पर्सियाबाट आफ्ना सेना फिर्ता लग्यो । सन् १९२१ मा 'इरानको राष्ट्रवादलाई अपमानित हुन नदिने' उद्घोषण गर्दै सैनिक अधिकृत रेजा पहलवीले सैनिक विद्रोह गरेर शासनसत्ता हातमा लिए । उनले राष्ट्रवादी सरकार बनाए । आफैँ रक्षामन्त्री (युद्धमन्त्री) भए । विदेशीले खोलेका तेल कम्पनी सेनाले कब्जा गऱ्यो । सेनाको तर्क थियो- इरान इरानीको मात्र हो, विदेशीको रजाइँ गर्ने ठाउँ होइन । इतिहास पढ्दा हामी रोमाञ्चित हुन्छौँ । राष्ट्रको धर्म, संस्कृति, परम्परा, मूल्य/मान्यता र इतिहास नै मासिने अवस्था आउँदा धेरै राष्ट्रमा जनता, सेना, बुद्धिजीवी सबै जाग्छन् । त्यसबेला विदेशीका आज्ञाकारी भाग्छन् ।

ब्रिटेनले अफगानिस्तानमा हुकुम चलाउने निहुँमा ब्रिटिस फौजले अफगानिस्तानसँग युद्ध गऱ्यो । 'भाडाका सिपाही' बनेर नेपालबाट गएका 'गोर्खाली' युवक पनि युद्धमा सामेल भए । अमानुल्लाह खानले ब्रिटेनका नचाहिँदा सर्त स्वीकार गरेर राष्ट्रलाई क्षति पुऱ्याएकामा जनता रिसाए । सेना पनि रिसायो । फलतः उनलाई अपदस्थ गरेर सन् १९२९ मा महमद नादिर शाहले सेनाको मद्दतले राष्ट्रवादी सरकार बनाए । ४ वर्षपछि उनको हत्या भयो । त्यसपछि उनका छोरा जाहिर शाहलाई जनताले राजा बनाए । राजा महेन्द्रको शासनकालमा जाहिर शाहले नेपाल भ्रमण गरेर आफ्ना अनुभव सुनाए । विदेशी शक्तिको दबाबबाट राष्ट्रलाई सुरक्षित राख्न शासक, जनता र सेना मिलेर बस्नुपर्छ भन्ने सल्लाह-सुझाव दिए ।

सन् १९४६ मा संयुक्त राष्ट्रसंघको सदस्य बन्यो, अफगानिस्तान । जनताका लागि हजारौँ सत्कर्म गरे पनि बाह्य शक्तिको षड्यन्त्रमा परेर सन् १९७३ मा उनको सत्ता पल्टाइयो । त्यसपछि त्यहाँ गृहयुद्ध गराए विदेशीले । लाखौँ मानिस मरे । लाखौँ जना शरणार्थी भए । जनता सयममै ब्युँझिएर विदेशी षड्यन्त्रकारीलाई लखेटेनन् भने विदेशीले हामीलाई शरणार्थी बनाउने निश्चित छ भन्ने शिक्षा यस्ता उदाहरणबाट लिन सकिन्छ । राष्ट्रको धर्म, संस्कृति, परम्परा, मूल्य/मान्यता र इतिहास नै मासिने अवस्था आउँदा धेरै राष्ट्रमा जनता, सेना, बुद्धिजीवी सबै जाग्छन् । त्यसबेला विदेशीका आज्ञाकारी भाग्छन् ।

सन् १९४८ फेब्रुअरीमा स्वतन्त्र भयो श्रीलंका । भियना महासन्धि (सन् १८१५) अनुसार डच शासकले ब्रिटेनलाई सो भूमि हस्तान्तरण गरेपछि स्वतन्त्रताका लागि जनताले संघर्ष गरिरहे । लामो संघर्षपछि स्वतन्त्र भएको श्रीलंका (पुरानो नाम सिलोन) आफ्नो प्रभावमा रहोस् भनेर अंग्रेजहरूले अनेकौँ कोणबाट खेलिरहे । सन् १९५६ मा राष्ट्रवादी दल सत्तामा आएपछि राष्ट्रवाद प्रबल हुन थाल्यो । सन् १९८० को दशकमा भारतीय मूलका तमिलहरूलाई उकासेर भारतले श्रीलंका टुक्र्याउन खोज्यो । गृहयुद्धमा लाखौँ मानिस मरे । तर शासक, सेना र जनता राष्ट्रवादी भएकाले देश टुक्रिन पाएन । राष्ट्र सर्वोच्च हुन्छ भन्ने सत्यलाई आत्मसात् गरे उनीहरूले ।

फ्रान्स र ब्रिटेनको षड्यन्त्रमा परेको थाइल्यान्डले सतर्क भएर कूटनीति सञ्चालन गरिरह्यो । सन् १९४६ मा राष्ट्रसंघको सदस्य भएको सो राष्ट्रमा पटकपटक सैनिक विद्रोह भए पनि राजा, सेना र जनता विभाजित छैनन् । राष्ट्रिय हितका विषयमा सेनाले सूक्ष्म अध्ययन गरिरहन्छ । राष्ट्रघातीलाई सत्तामा जाने मौकै दिँदैन ।

राष्ट्रवादको आवरणमा घोर अराष्ट्रवादी र विदेशीका कठपुतली पनि शक्तिशाली बन्न सक्छन् । जर्मनी र नर्वेबीच सम्बन्ध बिग्रदैँ गएपछि नर्वेका नेता क्विजलिङलाई सच्चा राष्ट्रवादी भन्दै जर्मन सरकारले प्रायोजितरूपमा प्रचार गरायो । रक्षामन्त्री भएका बेला उनले आफ्ना राजालाई परास्त गर्न जर्मन फौज बोलाए । जनताले पछि उनलाई मृत्युदण्ड दिए । नेपालमा पनि एकजना कम्युनिस्ट नेताले भारतीय सेना ल्याएर भए पनि राजनीतिक परिवर्तन गर्नुपर्ने प्रस्ताव राख्दा (२०४६ सालमा) मदन भण्डारीले उनको सातो लिएका थिए । जुन कुरा राधाकृष्ण मैनालीले आफ्नो पुस्तकमा लेखेका छन् । तेह्रथुमका वामपन्थी नेता खगेन्द्रराज सिटौलाका अनुसार ललितपुरको एउटा गोप्य बैठकमा रौतहटका एक चर्चित नेताले भारतीय सेना ल्याएर राजा वीरेन्द्रलाई पाता फर्काउनुपर्छ भनेका थिए ।

मदन भण्डारीले 'राजा वीरेन्द्रसँग हाम्रो राजनीतिक मतभेदमात्र हो तर उनी राष्ट्रवादी शासक हुन् भन्दै नेपालमा भारतीय फौज ल्याएर क्रान्ति सफल पार्नुपर्छ भन्नु घोर अराष्ट्रवादी सोच हो, क्षमा माग्दै आत्मआलोचना गर्नुहोस् भनेर थर्काए । ती नेताले क्षमा मागे । मदन भण्डारी त्रिशूलीमा बग्नुपऱ्यो । भारतीय सेना ल्याउनुपर्छ भन्ने नेता प्रधानमन्त्री भए । दुई ठाउँमा हारेको मानिसलाई जनताले तिरस्कार गरेको स्पष्ट बुझिन्छ । कसका प्रतापले उनी प्रधानमन्त्री भए त ? प्रश्नको उत्तर खोज्दै जाँदा हरेक दलमा त्यस्ता राष्ट्रघाती जासुस भेटिन्छन् । पार्टीलाई राष्ट्रवादको सुन्दर बर्को ओढाएर त्यहाँभित्र चीन, भारत, युरोप र अमेरिकाका चल्ला कोरल्ने गरिएको छ । बर्ड फ्लुबाट पनि ती अपराधी सुरक्षित छन् । कीटनाशक विषादी छर्किनेहरू नै मौन बसेपछि भोलि गएर नेपाल विदेशी भालेहरूको संग्रहालय बन्ने निश्चित छ ।

'द ग्रेट चाइनिज रिभोल्युसन' पुस्तकमा पटकपटक विदेशी हमला भएकै कारण चीनमा राष्ट्रवादको लहर आएको हो भनिएको छ । सन् १९१२ मा राजतन्त्र ढलेपछि चीनविरुद्ध विदेशीले अनेक षड्यन्त्र गरेको इतिहास छ । विदेशी धपाउन युवकहरूले विदेशी देख्नेबित्तिकै दाँत झार्ने बक्सरयुद्ध नै चलाए । नेपालमा भने सयौँ आइएनजिओ र पचासौँ हजार एनजिओमार्फत विदेशीले लाखौँ नागरिकलाई दास बनाएका छन् । सत्तारुढ दलको छाता ओढ्नेहरू सबैभन्दा बढी विदेशीका दानापानीमा रमाएका छन् । करोडौँ कमाएका छन् ।

कार्यनीति र रणनीति राष्ट्रवादी देखाउने तर व्यवहारमा महाकाली सन्धिजस्ता राष्ट्रघात गर्ने र क्रिस्चियन गुरुको वीर्यमिश्रित रक्सी (होली वाइन ?) पिएको भन्दै सत्तासीनहरूकै बदनामी भएको छ । सर्वहारा वर्गलाई आजका कम्युनिस्ट शासक चिन्दैनन् । राष्ट्र टुक्र्याउँछु भन्ने र सेना भनेको 'बलात्कारी फौज हो' भन्नेहरू वर्तमान प्रधानमन्त्रीका परम मित्रशक्ति हुन् भने राष्ट्रनिर्माताका सन्तति, राष्ट्रवादी शक्ति र धर्म-संस्कृति रक्षा गर्नुपर्छ भन्नेहरूलाई प्रधानमन्त्रीले शत्रुवत् व्यवहार गर्दै आएका छन् । आफ्नै दलका राष्ट्रवादीहरूलाई समेत उनी शत्रु ठान्छन् । अब भन्नुहोस्, यो सरकार कति राष्ट्रवादी हो ?

## श्रमजीवी...

पारिश्रमिक वृद्धि गर्नुपर्ने आवश्यकता रहे पनि समितिले तत्काल २५ प्रतिशतले वृद्धि गर्न गरेको सिफारिस तत्काल वृद्धि गर्न आग्रह गरे । उनले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन र आमसञ्चार प्रतिष्ठान तत्काल गठन गर्न पनि माग गरे । समितिका अध्यक्ष अर्यालले सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारको पेसागत हक, हित र सेवा सुविधा तथा सुरक्षाका लागि समितिले अध्ययन गरी तयार गरेको न्यूनतम पारिश्रमिक प्रदान गर्न, समितिलाई साधन स्रोत सम्पन्न बनाई कार्याधिकारसमेत विस्तार गरी पारिश्रमिक निर्धारण तथा अनुगमन बोर्ड बनाउन आग्रह गरे ।

## थपियो...

सहसचिव तथा आन्तरिक व्यवस्थापन महाशाखाका महाशाखा प्रमुख शिवराम पोखरेलले २०७९ सालका लागि थप ७ दिन सार्वजनिक बिदा दिने निर्णय मन्त्रिपरिषद्बाट गरिएको जानकारी आफूले पाएको बताए । पोखरेलका अनुसार थप गरिएका ७ दिनको बिदामा दसैंमा एक दिन थप बिदा दिइएको छ । गृह मन्त्रालयका अनुसार अबदेखि दसैको टीकाको पर्सिपल्टसम्म बिदा दिने निर्णय गरिएको छ । यसअघि दसैंमा टीकाको भोलिपल्टसम्म मात्रै बिदा दिने गरिएको थियो । यसैगरी, मुस्लिम समुदायका लागि ३ दिन बिदा थप गरिएको छ । गृहका अनुसार १ दिन इद, १ दिन बकर इद तथा १ दिन मुस्लिम धर्मका प्रवर्द्धक मोहम्मदको जन्मदिनमा बिदा दिने निर्णय गरिएको छ । यसैगरी सरकारले १ दिन सोनाम ल्होसार तथा १ दिन ग्याल्पो ल्होसारको दिन बिदा दिन निर्णय गरेको छ । अबदेखि सरकारले धान्यपूर्णिमामा पनि १ दिन सार्वजनिक बिदा दिने भएको छ ।

सरकारले गरेको निर्णयअनुसार गृह मन्त्रालयले बिहीबार ग्याल्पो ल्होसारको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । तत्कालीन केपी ओली नेतृत्व सरकारले २०७७ चैत ९ गते राजपत्रमा सूचना प्रकाशित गरी २०७८ मा दिने बिदाको सूची सार्वजनिक गरेको थियो । उक्त सूचीमा कृष्ण जन्माष्टमीको दिन सार्वजनिक बिदा दिने निर्णय गरिएको थिएन । देउवाले सरकारले मन्त्रिपरिषद्बाट निर्णय गराइ भदौ १४ गते कृष्ण जन्माष्टमीको बिदा दिएको थियो । संघीय सरकारले मात्र नभई प्रदेश तथा स्थानीय सरकारहरूले पनि मनपरी बिदा दिने गरेका छन् ।

## फेरि...

१५ दिनमा ३ अर्ब ९ करोड रुपैयाँ नोक्सानीमा जाने जानकारी दिएको छ । मूल्य नबढाए आईओसीलाई इन्धनको पैसा तिर्न नसक्ने निगमले बताएको छ । १५ दिन अगाडिको मूल्यअनुसार पेट्रोलमा १६.५९, डिजेल र मट्टीतेलमा १२.५८ रुपैयाँ घाटा रहेको निगमको दाबी छ । अब पेट्रोलमा प्रतिलिटर घाटा २०.५२ र १६.८ रुपैयाँ पुगेको निगमको भनाइ छ । खाना पकाउने ग्यासमा प्रतिसिलिन्डर घाटा ५ सय ६५ बाट ६ सय ६५ रुपैयाँ पुगेको निगमले जनाएको छ । रुस-युक्रेन युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढिरहेको छ । त्यसको प्रभाव नेपालमा पनि परेको हो । पछिल्लो समय निगमले धेरैपटक मूल्य बढाइसकेको छ । अहिले पेट्रोलमा १ सय ४५ र डिजेल, १ सय २८ रुपैयाँमा बिक्री गर्दै आएको छ ।

## अशोचनीय...

रेमिट्यान्स बढ्यो भनेर खुशी मनाउनुको कुनै अर्थ देखिँदैन । नेपाल विश्वमा रेमिट्यान्स भित्र्याउने मुलुकहरूको सूचीमा अगाडि नै रहे पनि यसको प्रतिफल देशले पाइरहेको छैन । यसले केवल उपभोगक्षमता बढाउने, खरिदक्षमता घटाउने र मूल्यस्फीति गराउने काम गरिरहेको हुन्छ ।

चालू आर्थिक वर्षको पहिलो सात महिना साउनदेखि माघसम्म निर्यातमा वृद्धि भएको छ । भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार ८८ दशमलव ३० प्रतिशतले स्वदेशी वस्तुको निर्यातमा वृद्धि भएको हो । यस अवधिमा एक खर्ब ३१ अर्ब ६५ करोड ६० लाखबराबरको स्वदेशी वस्तुको निर्यात भएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिमा ६९ अर्ब ९१ करोड १७ लाखबराबरको सामान निर्यात भएको थियो ।

चालू आर्थिक वर्षको सात महिनामा निर्यातसँगै आयातमा समेत वृद्धि भएको छ । यसै अवधिमा ४२ दशमलव ७८ प्रतिशतले आयातमा वृद्धि हुँदै ११ खर्ब ४७ अर्ब ४६ करोड ४४ लाखभन्दा बढीको आयात भएको छ । गत वर्षको सोही अवधिमा आठ खर्ब तीन अर्ब ६४ करोड ३१ लाख बढीको आयात भएको थियो । निर्यातको तुलनामा आयातमा वृद्धि हुँदा व्यापारघाटामा वृद्धि भएको छ । यस अवधिमा ११ खर्ब बढीको आयात हुँदा ३८ दशमलव ४५ प्रतिशतले व्यापारघाटा बढेको छ ।

चालू आवको सात महिनामा नेपालको १० खर्ब १५ अर्ब ८० करोड ८४ लाखबराबरको वैदेशिक व्यापारघाटा व्यहोरेको छ । गत आवको सोही अवधिमा नेपालको सात खर्ब ३३ अर्ब ७२ करोड ६१ लाखबराबरको व्यापारघाटा व्यहोरेको थियो । यस्तैगरी चालू आवको सात महिनामै नेपालको वैदेशिक व्यापार ४६ दशमलव ४३ प्रतिशतले बढेको छ । यस अवधिमा १२ खर्ब ७९ अर्ब १२ करोड चार लाखबराबरको पुगेको विभागले जनाएको छ । गत आर्थिक वर्षको सोही अवधिमा आठ खर्ब ७३ अर्ब ५६ करोडबराबरको वैदेशिक व्यापार भएको थियो । सोही अवधिमा नेपालमा एक सय ४५ देशबाट ११ खर्ब ४७ अर्ब ४६ करोड ४४ लाख बढीको आयात भएको छ । तथ्यांकअनुसार यस अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ । सात महिनामा नेपालले भारतबाट छ खर्ब ९६ अर्ब २४ करोड ४३ लाख बढीको आयात भएको छ भने एक खर्ब छ अर्ब ३५ करोड ८३ लाखबराबरको निर्यात भएको छ ।

नेपालको भारतसँग मात्रै पाँच खर्ब ८९ अर्ब ८८ करोड ६० लाख बढीको व्यापारघाटा बेहोरेको छ । भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ । चीनबाट सात महिनामा एक खर्ब ६५ अर्ब २३ करोड ७७ लाखबराबरको आयात भएको छ भने ४८ करोड ७९ लाख १५ हजारको मात्र निर्यात भएको छ । चीनसँग मात्र एक खर्ब ६४ अर्ब ७४ करोड ९८ लाखबराबरको व्यापारघाटा रहेको छ ।

अर्थतन्त्र कोभिडपूर्वजस्तो स्वस्थ स्थितिमा पुगेको छैन । पेट्रोलियम पदार्थको बजार मूल्य तीव्र हुँदै गइरहेको छ । यसबाट समग्र अर्थतन्त्रलाई नै असर पर्छ । हुन त यो अन्तर्राष्ट्रिय प्रभाव हो । तर, भएका चुहावट नियन्त्रण गर्न सके मूल्य वृद्धिको बढी भार सर्वसाधारणले खेप्नुपर्ने थिएन । खुला सीमाका कारण भारतमा चुहावट हुन्छ भनिन्छ । जहिले पनि एउटै बहाना घण्टा बजारमा बज्ने गर्छ तर चुहावट हुन नदिने संरचना भने तयार भएको पाइँदैन । गणतन्त्रको आगमनसँगै नेपालको अर्थतन्त्र बढी परनिर्भर भएको छ । बढी आयात गर्दा व्यापारघाटा उच्च छ । अब दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकता भइसकेको छ । आत्मनिर्भरता बढ्दै जाँदा बाह्य मूल्यको उतारचढावले प्रभाव पार्न सक्दैन । पेट्रोलियम पदार्थको विकल्प विद्युतीय ऊर्जा बनाउनुपर्छ, हाम्रो मुख्य खर्च ऊर्जास्रोतमा भइरहेको छ । ढुवानी, कलकारखाना सञ्चालन गर्न बढी ऊर्जाको खपत हुन्छ । उत्पादन क्षमता छ तर पहिचान गर्न सकिएको छैन ।

## माओवादी...

पूर्वएकता केन्द्र समूहका नेताहरू एकतातिर उभिएको र पार्टीबाट विद्रोह गर्न सक्ने आँकलनकाबीच अध्यक्ष प्रचण्ड मंगलबार हात्तिवनस्थित श्रेष्ठको निवासमा पुगेर छलफल गरेका थिए । भेटमा प्रचण्डले आफूले फरक परिवेशमा भनेको कुरालाई लिएर अन्यथा नठान्न र पार्टीमै बसेर छलफल गर्न श्रेष्ठसँग आग्रह गरेको श्रेष्ठले जानकारी दिए । बीबीसी नेपालीसँगको कुराकानीमा नेता नारायणकाजी श्रेष्ठले एमसीसी पारित गर्ने सवालमा मतभेद देखिएको बारे भेटमा कुरा भएको बताए ।

प्रचण्डले नारायणकाजी श्रेष्ठलाई घुमाउरो भाषामा पार्टी छोडे हुन्छ भन्ने खालको अभिव्यक्ति दिएपछि श्रेष्ठ आफूनिकटका नेताहरूसँग गम्भीर छलफलमा रहेको बताइएको छ । तर प्रचण्डको यस्तो अभिव्यक्तिलाई पूर्वएकता केन्द्रका नेताहरूले पार्टीबाट छाडेर गए हुन्छ भन्ने अर्थमा लिएका छन् । जसलाई नेता श्रेष्ठको अभिव्यक्तिले पनि पुष्टि गर्छ । तर असन्तुष्ट पक्षका एक नेताले भने आफूहरूले आगामी केन्द्रीय कमिटीमा यसबारे गम्भीर रुपमा कुरा राख्ने बताउँदै दुई लाइन संघर्षलाई समान्य रुपमा लिनुपर्ने बताए । अर्को हप्तासम्ममा नेता श्रेष्ठ पक्ष कडा रुपमा प्रस्तुत हुने र त्यहाँबाट पार्टीमा रहने वा नयाँ विकल्पबारे अघि बढ्ने निस्कर्षमा पुग्ने बताएका छन् ।

पार्टी भित्रको विवाद जारी रहँदा प्रचण्डलाई अर्को तनाव थपिएको छ । माओवादी जनयुद्धमा आफ्नो साथमा रहनुभएको नेत्रविक्रम चन्द विप्लवले प्रचण्डलाई थप तनाव दिएका छन् । नेकपा एमालेसँग एकता गरेर नेकपा हुँदै पार्टी पुरानै अवस्थामा फर्कंदा सांगठनिक रुपमा प्रचण्डलाई ठूलो घाटा लागेको छ । रामबहादुर थापासहितका वरिष्ठ नेताहरूले एमाले रोजेपछि र माओवादीतर्फ मतदाता र कार्यकर्ताको आकर्षण घटिरहँदा महत्वपूर्ण नेता श्रेष्ठसहितको समूह पनि आफूबाट टाढिने आशंका प्रचण्डमा छ । यस्तोमा विप्लवले नेकपा एकीकृत समाजवादीमा एमसीसीको सवालमा असन्तुष्ट देखिएका झलनाथ खनाल र एमालेमा असन्तुष्ट भीम रावललगायतसँग समेत छलफल गरेर अघि बढ्ने विषयहरू बाहिरिँदा प्रचण्ड थप तनावमा छन् । प्रचण्ड निकटका कतिपय नेताहरूले प्रचण्ड अभिव्यक्तिमा चुकेको भए पनि त्यसलाई नेता श्रेष्ठले भागवण्डाको हतियार बनाएको बताए ।

## आंशिक...

बताउँछन् । त्रिविमा वर्षौंदेखि आंशिक प्राध्यापकका समस्या सुल्झिएका छैनन् । समस्या समाधान गर्न पटक-पटक त्रिविले सम्झौता गरे पनि कार्यान्वयन नगरेको आरोप छ । त्रिविमा १५/२० वर्षदेखि आंशिक प्राध्यापक कार्यरत छन् । सँगै काममा प्रवेश गरेकाहरू कोही स्थायी भएर निवृत्तिभरण लिने बेलामा पुगेका छन् भने कोही आंशिक प्राध्यापक नै छन् ।

त्रिविले १५ वर्षअघि पहिलो पटक २०६३ मा आंशिक प्राध्यापकसँग समस्या समाधान गर्ने गरी सम्झौता गरेको थियो । त्यो सम्झौता कार्यान्वयनमा नजाँदा ०६५ मा तीन वटा सम्झौता गरिएका थिए । शिक्षा मन्त्री, शिक्षा सचिव, त्रिवि पदाधिकारी लगायतसँग आंशिक प्राध्यापकले पटक-पटक समस्या समाधान गर्न सम्झौता गरे पनि आंशिकका माग ज्युँकात्युँ छन् ।

यसबीचमा ०७४ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा एक हजार चार सय २० दरबन्दी थप गरिएको थियो । त्रिवि र आंगिक क्याम्पसमा आवश्यकताअनुसार दरबन्दीमा प्राध्यापक नहुँदा आंशिक प्राध्यापक राखेर पठनपाठन गर्नुपरेको छ । दैनिक ज्यालादारी (पढाएको दिनको मात्रै पैसा आउने) बाट मासिक ज्यालादारी (मासिक तलब पाइने) व्यवस्था गर्न आंशिक प्राध्यापकहरूले माग गरेका छन् । एक आंशिक प्राध्यापकले दिनमा कम्तीमा एकदेखि तीन/चार पिरिएडसम्म पढाउने गरेका छन् । उनीहरूलाई प्रतिपिरिएड पाँच सय ९० रुपैयाँका दरले पारिश्रमिक दिने गरिएको छ ।

आंशिक प्राध्यापक राखेका क्याम्पसलाई सकेसम्म मासिक पारिश्रमिक दिने गरी व्यवस्थापन मिलाउन त्रिविले यसअघि नै निर्देशन दिएको पनि भुसालले बताए । कोर्सको जिम्मा लिने आंशिक प्राध्यापकलाई कोर्सकै करार गरिने गरेको पनि बताए । आवश्यकताअनुसार प्राध्यापकहरूको दरबन्दी नहुँदा आंशिक प्राध्यापक लिनु परेको र त्रिवि सेवा आयोगबाट पनि नियमित पदपूर्ति नहुँदा यस्ता समस्या दोहोरिने गरेको भुसालले बताए । त्रिविमा प्राध्यापकहरू राख्नका लागि सेवा आयोगले विज्ञापन खोल्दा आंशिक प्राध्यापकले परीक्षा नदिएको पाइएको पनि उनले दाबी गरे ।

## एनआरएन...

बैठकले गरेको एक पदाधिकारीले बताए । प्रतिनिधि विवादका कारण गत अक्टोबर २०२१ मा हुनु पर्ने गैरआवासीय नेपाली संघको दशौँ महाधिवेशन हुन नसकेकाले विवाद समाधान गरी दशौँ महाधिवेशन सम्पन्न गर्ने म्यान्डेटका साथ आइसीसीको ८१ औं बैठकले संघका प्रमुख संरक्षक शेष घलेको संयोजकत्वमा सात सदस्यीय उच्चस्तरीय समिति गठन गरेको थियो । घलेले बुधबार मात्रै आफ्नो प्रतिवेदन समितिलाई बुझाएका थिए।

संघको विधान २००३ (संशोधनसहित २०२१ अनुसार) आइसीसीले संरक्षक परिषदलाई विघटन गर्न नमिल्ने बताइएको छ । नयाँ आइसीसी गठन भएपछि मात्रै संरक्षक परिषद पनि नयाँ गठन हुने व्यवस्था छ। तर एकलौटी रुपमा संरक्षक परिषद तथा उच्चस्तरीय समिति विघटन गर्ने निर्णय भएपछि विवाद थप चर्किएको हो । अध्यक्षका उम्मेदवार कुल आचार्यलगायतका असन्तुष्ट समूहले यसको विरोध गरेका छन् । संघभित्र कुमार पन्त नेतृत्वको संस्थापन र आचार्य पक्षबीच विवाद रहँदै आएको छ । सो विवादका बीच चुनावी प्रक्रियामा सरकारी हस्तक्षेप समेत हुँदा संघको महाधिवेशन सर्दै आएको छ।

## परमाणु...

दुरीको लक्ष्यका लागि गर्न सकिन्छ । तर यसको अर्थ यो होइन कि रुससँग लामो दुरीसम्म क्षती गर्न सक्ने हज्जारौँ परमाणु हतियार छन् जुन कुनै पनि बेला दाग्न सकिनेछन् । विश्लेषकको अनुमानका अनुसार रुसले करिब १५ सय परमाणु हतियार तैनाथ गरेको छ । यसको अर्थ यो हो कि यति हतियार मिसाइल र एयर फोर्सको अड्डा वा पनडुब्बीमा तैनाथ गरिएका छन् ।

संसारभरीका ९ देश - चीन, फ्रान्स, भारत, इजराइल, उत्तर कोरिया, पाकिस्तान, रुस, अमेरिका र ब्रिटेनसँग परमाणु हतियार छन् । चीन, फ्रान्स, रुस, अमेरिका र ब्रिटेन ती १९१ देशमा समावेश छन् जसले परमाणु अप्रसार सन्धिमा हस्ताक्षर गरेका छन् । यो सन्धि अन्तर्गत उनीहरूले आफ्नो आणविक हतियार भण्डारण घटाउन र सैद्धान्तिक रुपमा यसलाई पूर्ण रुपमा समाप्त गर्नुपर्छ । सन् १९७० र १९८० को दशकमा यी देशले आफ्नो हतियारको संख्यामा ठूलो कटौती गरेको छ । भारत, इजराइल र पाकिस्तानले कहिल्यै पनि यो सन्धिमा हस्ताक्षर गरेनन् । उत्तर कोरियाले सन् २००३ मा आफूलाई यो सन्धिबाट अलग पारेको थियो । विश्वका ९ परमाणु शक्तिमध्ये इजराइलमात्रै एउटा यस्तो देश हो जसले अहिलेसम्म औपचारिक रुपमा आफूसँग परमाणु हतियार भएको कुरा बताएको छैन । तर उसँग परमाणु हतियार भएको मान्यता राखिन्छ । युक्रेनसँग कुनै पनि परमाणु हतियार छैन । रुसी राष्ट्रपति पुटिनको आरोप पछि पनि आजसम्म युक्रेनले परमाणु हतियार जुटाउने प्रयास गरिरहेको छ भन्ने कुराको कुनै प्रमाण भेटिएको छैन । (एजेन्सी)

## तलबभत्ता...

सचिवालयले जनाएको छ । बैठक तथा यातायात भत्ता २ करोड ४० लाख घर भाडालगायत सुविधा ४ करोड ३८ लाख संसदीय समितिको कार्यपत्र र भ्रमण ८६ लाख ५० हजार, सभामुख राष्ट्रियसभा अध्यक्ष, उपाध्यक्षको तलब १४ लाख सभामुख राष्ट्रियसभा अध्यक्ष उपाध्यक्षको स्वकीय सचिवालयका कर्मचारीको तलब ४० लाख, पदाधिकारीको भ्रमणमा साउनदेखि फागुनसम्म ३४ करोड खर्च भएको संसद सचिवालयको तथ्यांकले देखाउँछ ।

संघीय संसद सचिवालयका अनुसार संसदमा ५७ विधेयक विचाराधीन छन् । तीमध्ये प्रतिनिधिसभामा ४२ र राष्ट्रिय सभामा १५ वटा छन् । राष्ट्रिय सभाले टुंग्याएर प्रतिनिधिसभामा पेस भएका विधेयक ११ वटा छन् । सरकारले पछिल्लो पटक जारी गरेका ५ वटा अध्यादेश प्रतिस्थापन विधेयक नल्याएकै कारण निष्क्रिय भएका छन् । अहिले विधेयक अधिवेशन भए पनि राष्ट्रिय सभाबाट पारित लोकसेवा आयोग विधेयक सन्देशसहित टेबल गर्नेबाहेक कुनै पनि विधेयकको प्रक्रिया संसदमा अघि बढ्न सकेको छैन । एमालेले कारबाही गरेका १४ सांसदलाई पदमुक्त नगरेको भन्दै संसदमा सभामुख अग्नि सापकोटाविरुद्ध नाराबाजी गर्दै आएको छ । सभामुखले राजीनामा दिनुपर्ने वा १४ भाइलाई पदमुक्त गरिनुपर्ने एमालेको माग छ । सत्तारुढ दलहरू भने अदालतमा विचाराधीन मुद्दालाई संसदमा प्रवेश गराउन खोजेर एमालेले अवरोध गरिरहेको बताउँछन् । संसदको चौथो अधिवेशन २०७६ वैशाख १६ मा सुरु भएको थियो– 'त्यसयता नै प्रभावहीन देखिन्छ ।

संसद प्रभावहीन हुनुले राज्य संयन्त्र कसरी चलेको छ भन्ने संकेत गर्छ । राज्य शासन सञ्चालनमा प्रभाव पार्नुपर्ने संसद सरकारको लाचार छायाँ बन्न पुग्यो । राज्यको इच्छामा संसद अधिवेशन, बैठक बोलाउने, सरकारले बिजनेश नदिने, संसद भंग गर्ने, अध्यादेशबाट बजेट ल्याउने गतिविधिका कारण संसद गतिहीन बनिरहेको छ ।

## राजनीतिक...

उइगुर जातिलाई उचालेर विद्रोहमा उतार्न सफल हुने छैन, अनि चिनियाँ महत्वाकांक्षी विकास परियोजना बीआरआईलाई असफल सावित गर्ने छैन ।

नेपालको संसदले व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन गरेपछि छिमेकी मुलुक चीनले 'नोटिस गरेको अभिव्यक्ति सार्वजनिक गरेको छ । यसले अबको नेपालको आन्तरिक राजनीतिक समीकरणमा ध्रुवीकरण ल्याउने देखिएको छ । यस्तो ध्रुवीकरण नेपालको स्वराजनीतिक सन्तुलनका आधारमा नभएर विदेशी शक्तिकेन्द्रहरूको चलखेल र गुरुत्वका आधारमा हुनेछ । यसको असर नेपालका राजनीतिक दलहरूमा देखापर्न थालिसकेको छ । पार्टीहरूका आन्तरिक अन्तर्विरोधमा यसले निकै बढोत्तरी ल्याइसकेको छ । सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेस र देशभक्त नेपाली जनताबीचको दूरी निकै तन्किएको छ । राष्ट्रघातको अगुवाई सधैं नेपाली कांग्रेसले गर्ने गरेको जनताको बुझाइ झन् बलियो बनेको छ ।

नेपाली जनता भलिभाँती जानकार छन् कि कोसी सम्झौता कांग्रेसले गऱ्यो । त्यस क्षेत्रका जनताले अझै मुआब्जा पाउन सकेका छैनन् । वर्षायाममा कोसी ब्यारेजका ढोका बन्द गरेर स्थानीय जनतालाई डरलाग्दो बाढीमा डुबाउने अनि हिउँदमा सबै ढोका खोलेर पानी लगि विहार सिंचित गर्ने गरेको छ भारतले । भारतलाई अझ यतिले पुगेको छैन, ऊ कोसीमा उच्च बाँध बाँधेर नेपालको सम्पूर्ण पूर्वी भेगलाई वर्षायाममा जलमग्न बनाउने योजना अघि ल्याइरहेको छ । भारत उसको नदीजोड योजना अन्तर्गत बराह क्षेत्रमा उच्च बाँध बाँधी नेपाललाई डुबाएर विहारलाई बाढीबाट उन्मुक्ति दिलाउने योजनामा छ । चतराबाटै नहर लगेर गोरखापुर नजिक घाघरा (कर्णाली) मा भारत पानी पुऱ्याउन चाहिरहेको छ । नदी जोड योजनाअन्तर्गत कोसीलाई मेचीमा मिसाएर पश्चिम बंगाल सिंचाइ गर्ने योजना भारतले अघि सारेको छ ।

कांगेसले नै गण्डक सम्झौता गऱ्यो । अहिले भारत गण्डकको सम्पूर्ण पानी देवघाटमा बाँध बाँधी पश्चिम राप्ति कर्णाली (घाघरा) हुँदै इलाहावादमाथि गंगामा खसाल्ने नदीजोड योजना लिएर आइरहेको छ । चिसापानीमा बाँध बाँधी बरेली–बदायु हुँदै इतेवहानजी नजिक यमुनामा खसाल्न चाहिरहेको छ । कर्णाली नदी पनि कांग्रेसमार्फत नै भारतले नियन्त्रणमा लिएको छ । कांग्रेस नेतृत्वकै सरकारले महाकाली सन्धि गऱ्यो । महाकालीको उद्गमस्थल पहिचान गरी सन्धि गरिएका कारण भारतले लिम्पियाधुरा लिपुलेक नियन्त्रणमा लिन सफल भएको छ । २५ वर्ष बितिसक्दा पनि महाकाली परियोजनाको डीपीआरले समेत पूर्णता पाउन सकेको छैन । त्यसबेला कांग्रेसले महाकाली सन्धिपछि पश्चिमबाट सूर्य उदाउने बताएको थियो । एमाले नेताहरू माधव नेपाल र केपी ओलीले क्रमशः स्याटलाइटमार्फत चीनलाई बिजुली बेच्न सकिने र वार्षिक १ खर्ब २० अर्ब कमाइ हुने अभिव्यक्ति दिएका थिए । नेपाली कांग्रेसले पटक पटक इतिहासमा राष्ट्रघातका जघन्य अपराध गर्दै आएको छ र पछिल्लो पटक एमसीसी अनुमोदन त्यसकै एउटा श्रृंखला बन्न पुगेको छ । अनि साक्षीमा एमाले बसेको छ । माओवादी केन्द्र र एकीकृत समाजवादी वामपन्थी दलले राष्ट्रघातमा हस्ताक्षर गरेर कांग्रेसलाई सघाएका छन् ।

एमसीसीका कारण दलका नेता र जनताबीच रहिआएको सौहार्द्रपूर्ण सम्बन्ध खलबलिएको छ । जनताले गगन थापा लगायतका एमसीसीको उग्रप्रशंसक नेतामाथि ढुंगा प्रहार गरेर आक्रमण सुरु गरिसकेका छन् । एमसीसीकै वकालत गर्ने बाबुराम भट्टराईलाई समात्ने र कारबाही गर्ने उपयुक्त मौका खोजिरहेका छन् । एमसीसीबारे जनतालाई राम्ररी नबुझाई जसरी महाशक्ति राष्ट्र अमेरिकाको दबाबमा संसदबाट यसलाई पारित गराइयो, त्यसले आम देशबासीलाई निकै आक्रोसित बनाएको छ । एमसीसीका बाछिटाले दलहरू निथुक्कै भिज्न थालिसकेका छन् ।

एमालेभित्र असन्तुष्टि मडारिन थालेको छ । पार्टी अध्यक्ष ओलीसँग पूर्व उपाध्यक्ष भीम रावल सिँगौरी खेल्न थालेका छन् । संसदमा नाराबाजी गरेर सहज रुपमा एमालेले एमसीसी पास गर्न सघाएको जगजाहेर छ । उसले रोस्टम घेरेर एमसीसीविरुद्ध नाराबाजी गरेर यसलाई रोक्ने भूमिका खेल्न सक्थ्यो तर त्यसो भएन । अध्यक्ष ओली पहिलेदेखि नै एमसीसीकै पक्षपाति थिए र सरकारको नेतृत्वमा हुँदा संसदबाट पारित गराउन एमसीसीलाई संसद छिराउने भूमिका उनैले निभाएका थिए ।

एमसीसीकै कारण माओवादी केन्द्रमा खटपटी चलिरहेको छ । नेताहरू नारायणकाजी, देव गुरुङ, गिरिराजमणि, लीलामणिहरू अध्यक्ष प्रचण्डको कार्यशैलीप्रति असन्तुष्ट छन् र विद्रोहको नै सम्भावना बढिरहेको छ । पूर्वमाओवादीहरू पुनः एकढिक्का बन्ने प्रबल अनुमानलाई एमसीसीले गलत सावित गरिदिएको छ । विप्लव र मोहन वैद्य समूह एमसीसीको विरोधमा आन्दोलित छन् र यसलाई कार्यान्वयनमा आउन नदिने प्रतिबद्धता जाहेर गरिरहेका छन् । एकीकृत समाजवादीभित्र पनि सबैको मन सङ्लो छैन । केपी ओलीको किनारै लगाउने रणनीतिका अघि बरु एमसीसी पीडा सहन उनीहरू विवश रहेको देखिएको छ । माले, नेमकिपा जनमोर्चा लगायतका वाम दलहरू पनि आन्दोलनको मनस्थितिमै छन् । अब एमसीसी दलहरूको चुनावी मसला बन्ने भएको छ । आगामी स्थानीय निर्वाचनमा एमसीसी जनबजारमा दलहरूले कसरी बेच्ने हुन् हेर्न बाँकी छ ।